जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक ६, २०७७ साल असोज २ गते शुक्रबार, नेपाल संवत् ११४० (Sept. 18, 2020) Website : www .greaternepal .com .np    मूल्य रु. १० ।-

## बिमाले गुमायो विश्वसनीयता

काठमाडौं । बिमा कम्पनीहरूले कोभिड महामारी सुरु भएपछि गत चैत २१ गतेदेखि कोरोना बिमा पोलिसी बेच्न सुरु गरेका थिए । कोरोनाको खासै प्रभाव नबढ्ने र पोलिसी बेचेर राम्रो पैसा कमाउने दाउमा लागेका बिमा कम्पनीहरू कोरोना व्यापक रुपमा फैलिन थालेपछि अत्तालिन पुगेका छन् । १ लाख र ५० हजार रुपैयाँको पोलिसी बेचिरहेका बिमा कम्पनीहरू कोरोनाका बिरामी बढेपछि रोइकराई गर्न बिमा समितिमा पुगे । अहिले बिमा समितिले कोरोना बिमा पोलिसीको मापदण्ड संशोधन गरेर आम बाँकी ८ पेजमा

## लामो दूरीका यातायातमा भाडा वृद्धि

काठमाडौं । कोभिड १९ को कारण लामो समय लकडाउन सहेर बसेका यातायात व्यवसायीहरूले अब लामो सास फेर्न पाउने भएका छन् । सरकारले असोज १ गतेबाट लामो तथा छोटा दूरीका सबै सवारी साधनहरूलाई खुल्ला गरेको छ । आन्तरिक हवाई उडानहरू पनि चल्ने भएका छन् ।

सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्दै अन्तरिक हवाई उडान सुरु गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा पराराष्ट मन्त्री बाँकी ८ पेजमा

# कालापानी विवाद नसल्टिने संकेत

काठमाडौं । भारतसँगको सीमा विवादलाई सार्थक निष्कर्षमा पुऱ्याउन नेपाल कम्युनिस्ट पार्टीको केपी शर्मा ओली नेतृत्वको सरकारले देखिने गरी कुनै कुटनीतिक पहल गर्न सकेको छैन । कालापानी, लिम्पियाधुरा र लिपुलेक समेटेर नयाँ राजनीतिक र प्रशासनिक नक्सा जारी गरिए पनि भूमि फिर्ता ल्याउने सवालमा सरकार असफल देखिएको छ । भारतसँग कूटनीतिक संवादका लागि पहल गरिए पनि भारतले वास्ता नगरेको परराष्ट्र मन्त्रालयको भनाइ पटक पटक सार्वजनिक भएको छ । भारत साँच्ची नै नेपालसँग वार्ता चाहँदैन भने अतिक्रमित भूमि फिर्ता लिनका लागि यस विषयलाई अन्तर्राष्ट्रियकरण गर्न सरकार किन अनिच्छुक देखिँदैछ ? आम नागरिकले प्रकट गरिरहेको जिज्ञासा हो यो । संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय अदालतको ढोका घचघच्याउन सरकारले आँट नगर्नुले कालापानीमाथि नेपालको अधिकार कहिल्यै स्थापित नहुने सम्भावना त्यत्तिकै बढ्दै गएको छ । पछिल्लो समयमा भारतले कालापानीमा सैन्यबल झन् थप गरेको छ र यो क्षेत्रमाथिको आधिपत्य नत्याग्ने संकेत देखाइरहेको छ ।

अंग्रेज उपनिवेशबाट भारत स्वतन्त्र भए पनि भारतीय शासन प्रणाली छिमेकी देशहरूका लागि अंग्रेज शासनकालकै जस्तो प्रभुत्ववादी र हेपाहा रहेको छ । भारतको हेपाहा प्रवृत्तिबाट नेपाल आजित रहँदै आएको छ । नेपालको स्वाधीनता, आन्तरिक राजनीति र निर्णय अधिकारमा दक्षिण छिमेकबाट खतरा देख्ने नेपाली जनमत भारतकै व्यवहारका कारण बढ्दो छ । विशेष राज्यको दर्जा प्राप्त जम्मु र कास्मिरलाई केन्द्र शासित प्रदेशमा परिणत गरेपछि भारतले २ नोभेम्बर २०१९ मा नयाँ राजनीतिक नकसा सार्वजनिक गरेसँगै करिब सात दशक पुरानो नेपाल भारत सीमा विवाद पुनः बल्झिएको छ ।

नेपालको पश्चिमी सीमा लिम्पियाधुरा हुँदै कालापानी र लिपुलेकसम्मको क्षेत्र आफ्नो भूभागमा पारेर भारतले एकतर्फी ढंगले सार्वजनिक गरेको


कालापानीमा भारतीय आर्मी

नक्साले नेपालीमा तीव्र आक्रोश जन्मायो । नागरिकको असन्तुष्टिलाई सम्बोधन गर्न नेपाल सरकारले भारतद्वारा अतिक्रमित ती भूभागहरू समेटेर नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा संसदबाट अनुमोदन गराएर प्रचलनमा ल्याएको छ । नयाँ नक्सालाई सरकारले राष्ट्र संघमा समेत पठाइसकेको छ । राष्ट्र संघको सदस्यता लिँदा बुझाएको विवरणसँग नक्सा हुबहु मिलेको बताइन्छ ।

नेपाल भारत सम्बन्धमा कालापानी क्षेत्रको विवाद यस्तो गाँठो हो, जसलाई नझुकाई भविष्यमा द्विपक्षीय सम्बन्ध सौहार्द बन्न सक्दैन । र, यो यति पुरानो कस्सिएको गाँठो हो जसलाई सहजै फुकाउन पनि सकिँदैन । यो सीमा विवाद त्यतिबेला मात्रै साम्य हुन्छ, जतिबेला दुवै देशका सरकार उपलब्ध तथ्य र प्रमाणमा आधारित भएर खुला छलफलका लागि वार्तामा बस्न राजी हुन्छन्, यस्तो छलफलका लागि पहलकदमी लिन सरकारले प्रयास गरे पनि भारतले टेरपुच्छर लाएको छैन । कोरोनाको बहाना देखाएर भारत वार्ताबाट भागिरहेको छ । विश्व शक्ति बन्न हिँडेको भारत छिमेकीसँगको विवादलाई सहमतिमा किनारा लगाउन तयार नहुनु उसको प्रभुत्ववादी चिन्तन ठान्छन् विश्लेषकहरू । चीनसँगको लद्दाख तनाव कम गर्न भारत पाँचबुँदे सहमति गर्न पुग्छ तर नेपाललाई 'कौन पुछे खिचडीका दाल' को व्यवहार गरिरहेको छ । अष्ट्रेलिया लगायत देशहरूसँग 'भर्चुअल' मिटिङ गर्ने भारतले नेपालसँग वार्ता गर्न कोरोना कहरलाई तेर्साउँछ । कोरोनाकै बिगबिगीका बीच धार्चुला लिपुलेक सडकको उद्घाटन गर्छ तर वार्ताका लागि नेपालले गरेको अनुरोधलाई ठाडै इन्कार गर्छ । उल्टै कालापानी क्षेत्र आफ्नो भूभाग रहेको डिप्लोम्याटिक नोट परराष्ट्र मन्त्रालयमा लाजै बिना पठाउँछ ।

सन् १९६२ को भारत-चीन सीमा युद्धमा पराजय भोग्दै 'हमारी सेना बहादुरी के साथ पिछे हट गए' भन्ने क्रममा भारतीय सेनाको एउटा डफ्फाले कालापानी क्षेत्रमा नेपालको अनुमतिबिना नै किल्ला जमायो । त्यस कालखण्डमा जननिर्वाचित सरकारलाई अपदस्थ गरी सत्ता लिएका राजा महेन्द्र आफ्नो शक्ति सञ्चय गर्दै थिए । राजाले भारतीय सेनाको अनाधिकार सैन्य अखडा नेपाली भूमिमा निर्माण गरेको विषयलाई त्यही समयमा मात्रै होइन, आफ्नो शासनकालभरि बाँकी ८ पेजमा

## ओलीलाई राम्राभन्दा हाम्रा नै प्यारा

काठमाडौं । लोडसेडिङको मारमा पिल्सिएको मुलुकलाई लोडसेडिङ मुक्त बनाउने नायकका रुपमा परिचित कुलमान घिसिङले आफ्नो ४ वर्षे कार्यकाल पूरा गरेर विद्युत् प्राधिकरणको नेतृत्वबाट बिदा लिएका छन् । कुलमानलाई नै पुनःनियुक्ति दिलाउने विषयमा ऊर्जा मन्त्री वर्षमान पुनले क्याबिनेटमा प्रस्ताव लगे पनि प्रधानमन्त्रीले ऊर्जामन्त्रीको प्रस्ताव सुन्दै नसुनेपछि उज्यालो नेपालका नायक घिसिङको दोस्रो कार्यकाल थपिएन । घाटामा गएको प्राधिकरणलाई घाटा पूर्ति गराएर चार अर्ब नाफा दिलाउन समेत सफल भएका घिसिङका कार्यकालमा थुप्रै रुग्ण भएका आयोजनाहरूलाई पुनर्जीवन दिने काम समेत भएको थियो । घिसिङको लोकप्रियता सिन्को नभाँची भाषणको भरमा सत्तामा बस्ने नेताहरूका लागि आरिसलाग्दो बनेको थियो । प्राधिकरणको प्रमुख कार्यकारी पद




करोडौंको लिलामीमा चढाएर कमिसन खानेहरूको लागि दोस्रो कार्यकालका लागि घिसिङलाई ल्याउनुको कुनै फाइदा देखिएन त्यसैले पार्टी बाहिर भित्र र आम जनताको दबाबलाई पनि केपी ओलीले कुल्चने काम गरेका छन् ।

यसैबीच घिसिङको पुनर्नियुक्तिको माग गर्दै काठमाडौं बाँकी ८ पेजमा

## नयाँ नक्सा र क्षेत्रफल पाठ्यपुस्तकमा

काठमाडौं । भारतले अतिक्रमण गरेको कालापानी, लिपुलेक र लिम्पियाधुरासम्मको नेपाली भूभागको नक्सा र जानकारी अब पाठ्यपुस्तकमा पनि समेटिएका छन् । शिक्षा मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले माध्यमिक तह (९-१२ कक्षा) का विद्यार्थीको सन्दर्भ सामग्रीका रुपमा तयार गरेको हो । नेपालको भूभाग र सीमासम्बन्धी स्वध्याय पुस्तिकाको संक्षिप्त जानकारी पुस्तकमा समेटिएको छ ।

सरकारले लिम्पियाधुरासम्म समेटेर नयाँ नक्सा जारी गरे पनि नेपालको क्षेत्रफल कति हो भनेर घोषणा गरेको छैन । पाठ्यक्रम विकास केन्द्रले देशको क्षेत्रफल सहितको पाठ्यपुस्तक तयार गरी सार्वजनिक गरेको छ । नेपालको भूभाग र सीमासम्बन्धी स्वध्याय सामग्रीमा नेपालको कुल क्षेत्रफल १,४७,६४१,२८ वर्गकिलोमिटर रहेको



उल्लेख छ । नेपालको पश्चिमोत्तर क्षेत्रको लिपुलेक कालापानीको बीचमा रहेको लिपुभन्ज्याङलाई समेटेर र लिम्पियाधुरा, लिपुलेक क्षेत्रको करिब ४६०.२८ वर्गकिलोमिटर भूभाग समावेश नहुँदा नेपालको क्षेत्रफल १,४७,१८१ वर्गकिलोमिटर मात्र हुन्छ, पुस्तकमा छ । हाल नेपालको पूर्व पश्चिम लम्बाइ विशाल नेपालको १४१५ किलोमिटर घटेर करिब ८८५ किलोमिटर रहेको छ र उत्तर दक्षिण चौडाइ १९३ किलोमिटर रहेको छ । बाँकी ८ पेजमा

## कोरोनाको आक्रमण फोक्सो र मुटुमा


काठमाडौं । कोरोना भाइरसबाट संक्रमित भएकाहरूको फोक्सो र मुटुमा समस्या आउने एक अध्ययनले देखाएको छ ।

युरोपेली स्वासप्रस्वास समाजको अन्तर्राष्ट्रिय सम्मेलनमा प्रस्तुत गरिएको प्रतिवेदनमा अध्ययनकर्ताहरूले कोरोनाका कारण फोक्सो र मुटुमा सृजना भएको समस्या समाधान हुने तर समय भने लाग्ने पनि निष्कर्ष निकालेका हुन् । उनीहरूले कोरोनाका कारण समस्या सृजना भएका धेरै फोक्सो र मुटुका समस्या समाधान हुने अध्ययनबाट पुष्टि गरेका छन् ।

त्यसैगरी रगतमा अक्सिजन र कार्बनडाइअक्साइड, फोक्सोको कामको अवस्थाको परीक्षण, सिटी स्क्यान र इकोकार्डियोग्रामको समेत विवरणहरूलाई हेरिएको थियो ।

यी सबै विवरणहरूका आधारमा पहिलो पटकको नतिजा बाँकी ८ पेजमा

## किन बढ्यो प्याजको भाउ ?



काठमाडौं । सोमबार भारत सरकारले प्याज निर्यातमा प्रतिबन्ध लगाएपछि नेपालमा प्याजको भाउ ह्वात्तै बढेको छ । किलोको ६०/७० रुपैयाँमा पाइँदै आएको प्याज एक्कासी बढेर किलोको १५० रुपैयाँ पुगेको छ ।


कालीमाटीमै प्याज एक सय १० रूपैयाँमा बिक्री भएपछि ६ जना व्यापारीलाई कारबाही प्रक्रिया अघि बढाएको कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका सूचना अधिकारी विनय श्रेष्ठले बताए । कालीमाटीले तोकेको मूल्यमा एक दिनमा २५ प्रतिशत भाउ बढेको भए पनि पोहोरको तुलनामा बजारमा दोब्बर मूल्य पुगेको छ । भारतले पोहोर पनि प्याज निर्यातमा प्रतिबन्ध लगाएपछि नेपाली बजारमा बाँकी ८ पेजमा

## आर्थिक वृद्धिदरमा कोरोना प्रभाव

काठमाडौं । कोभिड १९ का कारण विश्वका अधिकांश मुलुकको कुल ग्रार्हस्थ उत्पादन (जिडिपी) वृद्धिदर ऋणात्मक हुने भनिएका बेला सन् २०२१ मा नेपालको वृद्धिदर १.५ प्रतिशत हुने देखिएको छ ।

एसियाली विकास बैंक (एडिबी) ले मंगलबार सार्वजनिक गरेको एसियन डेभलपमेन्ट आउटलुक अपडेटमा यस्तो प्रक्षेपण गरेको हो । यसअघि एडिबीले सन् २०२१ मा नेपालको आर्थिक वृद्धिदर ६.४ प्रतिशत हुने अनुमान गरेको थियो ।

एडिबीका अनुसार गत वर्ष भने नेपालको आर्थिक वृद्धिदर २.३ प्रतिशत नै रहने छ । एडिबीले पहिले गत वर्ष वृद्धिदर ५.३ प्रतिशत हुने अनुमान गरेको थियो । एडिबीका अनुसार गत आवको पछिल्लो तीन महिनामात्र कोभिडले असर पारेकाले त्यसवर्ष वृद्धिदर केही राम्रो देखिएको हो । चालु वर्ष भने कोभिडको असर उच्च रहने भन्दै एडिबीले वृद्धिदर १.५ मात्र हुने



अनुमान गरेको छ ।

एडिबीको अनुमानमा चालु आवमा घट्दो निर्यात, पर्यटन क्षेत्रमा आएको समस्या, रेमिटेन्स आय घट्न जानेलगायत कारण आर्थिक वृद्धिमा असर पर्नेछ । अर्थतन्त्रमा माग न्यून हुँदा सरकारी राजस्व घट्न जाने र खर्च पनि घट्दा वृद्धिदर प्रभावित हुने एडिबीको अनुमान छ ।

एडिबीले सार्वजनिक गरेको नेपालको म्याक्रोइकोनोमिक्स बाँकी ८ पेजमा

## सार्क शिखर सम्मेलन अझै अनिश्चित

**समय-सन्दर्भ**

**तेजेन्द्र प्रसाईं**

सार्क राष्ट्रका अर्थमन्त्रीको १५ औं अनौपचारिक बैठक परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीको अध्यक्षतामा सम्पन्न भएको छ । सो बैठकमा उद्घाटन मन्तव्य दिँदै मन्त्री ज्ञवालीले कोभिड १९ को कारण विश्व अर्थतन्त्रसँगै दक्षिण एसियाको अर्थतन्त्रमा पनि गम्भीर असर परेको र यसबाट मुक्त हुन सार्क राष्ट्रबीच सहयोग र समझदारीको महत्व बढेको धारणा राखे ।

नेपाल तथा दक्षिण एसियाली अर्थतन्त्रको पछिल्लो अवस्थाको चर्चा गर्दै उनले कोभिड १९ को रोकथाम नियन्त्रण र उपचारमा सबै सार्क राष्ट्र क्रियाशील रहेको वर्तमान समयमा स्रोत परिचालन सहकार्य र साझेदारीले मात्रै सार्क क्षेत्रका जनताको स्वास्थ्य तथा आर्थिक जीवनको रक्षा गर्नु सम्भव हुने धारणा व्यक्त गरे । यसका लागि सार्कको आर्थिक संयन्त्रलाई क्रियाशील बनाउँदै आर्थिक पुनरोत्थानका रणनीति तय गर्नुपर्ने गरिब र मूलतः रोजगार गुमाएका श्रमिकको आर्थिक अवस्थामा सुधार ल्याउनुपर्ने र उनीहरूको मनोसामाजिक समस्या समेत सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको बताए ।

सो बैठकमा सार्कका महासचिव इसाला विराकुन, एसियाली विकास बैंकका उपाध्यक्ष सिसिनचेनले उद्घाटन मन्तव्य राखेका थिए । कोभि १९ र दक्षिण एसियाली अर्थतन्त्र विषयमा एसियाली विकास बैंकका प्रमुख अर्थशास्त्री यासायुक्ती, सावादलि प्रस्तुति दिएका थिए । सो बैठकका सार्क राष्ट्रका अर्थमन्त्री र प्रतिनिधिमण्डलका प्रमुखले सार्कका औपचारिक संयन्त्रलाई गतिशील बनाउनुपर्ने धारणा व्यक्त गरे । प्रधानमन्त्री तथा अर्थमन्त्रीको तर्फबाट परराष्ट्र मन्त्री ज्ञवालीले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व तथा सो बैठकको अध्यक्षता गरेका हुन् । एसियाली विकास बैंक र सार्क सचिवालयको समन्वयमा भर्चुअल माध्यमबाट सम्पन्न भएको सो बैठक एसियाली विकास बैंकको वार्षिक बैठकको अवसरमा आयोजना गरिएको हो ।

सन् १९८० मा अत्यन्त उत्साहका साथ गठन गरिएको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन सार्कको प्रभावकारितामाथि भारतकै कारण प्रश्नचिन्ह उठेको छ । पाकिस्तानमा सन् २०१६ को ९-१० नोभेम्बरमा हुनुपर्ने सार्कको १९ औं शिखर सम्मेलन भारत पाकिस्तान द्वन्द्व र उरी घटनाका कारण अझै हुन बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# अख्तियारमा सबल नेतृत्वको खाँचो

अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त नवीन घिमिरे आफ्नो कार्यकाल पूरा गरी बाहिरिँदा मिडियाहरूमा उनको कार्यशैली र उनले प्राप्त गरेका सफलता असफलताबारे गतिलै ढंगले टिकाटिप्पणीहरू भए । घिमिरेको नेतृत्वमा अख्तियारले कुनै गतिलो काम गर्न सकेनन् । भ्रष्टाचारका ठूलठूला प्रकरणमा अख्तियार केवल तमासे मात्र बनेको र एक हजार रूपैयाँ घूसको आरोपमा एकजना मालपोत कार्यालयका खरिदारलाई मृत्युको मुखमा धकेलिन बाध्यता सिर्जना गराएको आरोप अख्तियारमाथि लागिरहेको छ । राष्ट्रसेवक कर्मचारी तथा मुलुकको जिम्मेवार भूमिकामा रहेका कुनै पनि व्यक्तिलाई आर्थिक अनियमितताको बाटोमा लाग्न नदिन र गैरकानुनी काम गरेर व्यक्तिगत फाइदा लिनेहरूलाई कानुनको ढोकासम्म पुऱ्याउने दायित्व निर्वाह गर्ने ठूलो जिम्मेवारी अख्तियारलाई भए तापनि तल्लो तहका कर्मचारी तर्साएर विभिन्न प्रकारका स्टण्डबाजी गर्ने भूमिका मात्र अख्तियारले पूरा गर्न सकेको छ ।

अख्तियार जिम्मेवार बन्न नसकेकै कारण अर्बौंका भ्रष्टाचारका काण्डहरू ओझेलमा पर्न गएका छन् भने भ्रष्टाचारका नाइकेहरू ठाडो शिर बनाएर हिँडिरहेका छन् । अख्तियारले बालुवाटरको जग्गा प्रकरणमा जोडिएका विष्णु पौडेलजस्ता व्यक्तिहरूको रौंसम्म हल्लाउने हिम्मत गरेन । वाइडबडी जहाज खरिद प्रकरणमा भएको करिब ६ अर्बको भ्रष्टाचार अख्तियारले देखेन । आयल निगमको जग्गा खरिद काण्ड र सेक्युरिटी प्रेस खरिद काण्डको विषयमा अख्तियारले फाइल खोतल्ने हिम्मत गरेन । यति कम्पनीको लिज प्रकरण ओम्नी समूहको औषधि खरिद प्रकरण लगायत विभिन्न प्रकरणमा अख्तियार सुतेर बसेको देखिन्छ । मुलुकमा ठूला भ्रष्टाचारीको रूपमा जनताले समेत राम्रो चिनिसकेका व्यक्तिलाई अख्तियारको छानबिनले कहिल्यै चिन्न सकेन । रंगेहात समात्ने नाममा तल्लो तहका कर्मचारीलाई पासोमा पारेर काम देखाएको प्रचार गर्ने अख्तियारको असफल मिसनमा नवीन घिमिरेले एउटा इँटा थप्ने काम मात्र गरेका छन् ।

विगतमा सूर्यनाथ उपाध्याय अख्तियार प्रमुख भएका समयमा केही ठूला राजनीतिक हस्तीहरू समेत अख्तियारको फन्दामा परेका थिए । निवर्तमान अख्तियार प्रमुख घिमिरे सरकारको छायाँबाट नराम्रोसँग तर्सिएको पाइयो । उनले सरकारका मन्त्रीहरूले जस्तोसुकै काण्ड गरे पनि तर्साउने साहस पनि गर्न सकेनन् । अख्तियारमा डरपोक व्यक्तिलाई प्रमुखको जिम्मेवारी दिनुको कुनै अर्थ छैन । लोकमान कार्की अख्तियार प्रमुख भएका समयमा मुलुकका केही चर्चित व्यक्तिहरू तानिने तयारी अख्तियारले गर्दैछ भन्ने समाचार बाहिरिएको थियो । सायद हुन सक्छ यसबाट त्रसित व्यक्तिहरूकै गठजोडले कार्कीमाथि महाअभियोग लगाइयो । मुलुक अहिले राजनीतिक र प्रशासनिक भ्रष्टाचारबाट ग्रसित छ । चौतर्फी मौलाएको आर्थिक अनियमितताबाट जनता पिल्सिएका छन् । देशको ढिकुटी खोक्रो बनेको छ । कुनै व्यापार व्यवसाय र स्थायी आयस्रोत नभएका नेताहरू अर्बौंका मालिक बनेका छन् । मुलुकका ठूला पदहरू पैसामा बेचिएका छन् । भ्रष्टाचारको जालोले चारैतर्फ ढाकिएको छ । यस्तो अवस्थामा अख्तियारको प्रभावकारी भूमिकाको सर्वत्र अपेक्षा गरिन्छ । घिमिरे शैलीकै अख्तियार प्रमुखको खोजीमा लाग्दा फेरि पनि भ्रष्टाचारीहरूको त जय होला तर आम जनता र मुलुकको पराजय हुनेछ । त्यसैले अख्तियारमा निर्भिक र निष्ठावान नेतृत्वको खाँचो रहेको देखिन्छ ।

# गणतन्त्र नेताको रजाइँ गर्ने थलो ? जनता आक्रोसित

**सुरेन्द्र ढकाल**



राजतन्त्रमा राजा र उनका परिवार संविधानभन्दा माथि रहन्थे । उनीहरूलाई जे गर्न पनि छुट हुन्थ्यो । राज्यको ढुकुटी दोहन, हत्या, बलात्कार जे गर्दा पनि उनको विरुद्ध बोल्ने कसैको तागत हुँदैनथ्यो र कसैले बोली हाल्यो भने कि त मारिन्थ्यो कि त अराष्ट्रिय तत्वको अरोपमा जेल चलना हुन्थ्यो । राजतन्त्रको यस्तै ब्यवहारको कारण जनताले राजतन्त्रलाई बढारेर मिल्काइदिए ।

अब त कानुनको राज होला, कानुनभन्दा माथि कोही पनि हुँदैन होला भन्ने जनताले सोचेका थिए । तर त्यसको विपरीत गणतन्त्र भनेको त नेपालको हकमा विकृत बहुल राजतन्त्र भएर देखा पऱ्यो । राष्ट्रपतिले खाने तलव सुविधा अनि ऐआसी जीवनले राजाको खर्चलाई उछिन्यो । नेताहरूका छोराहरू नव राजकुमार बन्दै जनताका छोरीहरूलाई बलात्कार गरी हत्या गर्दा समेत उनीहरू कारवाहीमा नपर्ने संस्कार स्थापित भयो ।

प्रधानमन्त्रीले गरेको भ्रष्टाचारलाई नीतिगत सही निर्णय मान्दै उनी चाहिँ कारवाहीको दायरामा नआउने तर उनी मुनिका मन्त्री, सचिवदेखि लिएर खरदार सुब्बा कारवाहीमा पर्ने नयाँ संस्कार स्थापित भयो । भ्रष्टाचारलाई भ्रष्टाचार नमान्ने सरकार, अपराधलाई अपराध नमान्ने न्यायालय अनि जनताले चुनावमा पछारेकाहरूलाई ससम्मान संसद सदस्यमा मनोनयन गर्ने परिपाटीले लोकतान्त्रिक गणतन्त्रकै उपहास भइरहेको छ ।

देश र जनता महामारीको चपेटामा पर्दा संवेदनशील हुनु त कता हो कता, त्यस्तो दुःखको बेलामा पनि पदलोलुपता, छिनाझपटी पार्टीहरूभित्र देखिनुले नेपालको गणतन्त्रले फ्रान्सकै जस्तै नियति त भोग्ने होइन भन्ने प्रश्न उठिरहेको छ । फ्रान्सको प्रथम गणतन्त्रको असफलतासँगै मिलिटरी जर्नेल नेपोलियनको उदय र वादशाहको रुपमा उनको स्थापना हुन गई राजतन्त्र ब्युँतियो । अहिलेको नेपाली गणतन्त्रका नेताहरूको रवैया हेर्दा यिनीहरू राजाभन्दा पनि विकृत अवस्थामा पुगिसकेका छन् ।

गणतन्त्रलाई यिनले आफ्नो रजाइँ गर्ने थलो बनाए । जनता हामीसँग कति आक्रोसित छन् भन्ने कुरा कि त यिनले बुझेका छैनन् कि त जनआक्रोसलाई यिनीहरूले नजरअन्दाज गरिराखेका छन्, बुझ पचाइरहेका छन् । यसको निकाश अब जनताले कसरी दिन्छ त्यो त समयले बताउला

# आफ्नै बिगतको भोगाइमा सेना



पूर्ण ओली (पूर्व महासेनानी)

२०४५ सालको भदौमा म गुल्मपति भएर महेन्द्रनगरमा पोस्टिङ भएर गएको थिएँ । पुगेको केही दिनपछि भान्छे सिपाहीले मेरी श्रीमतीमार्फत सोर्स लगाएर शान्ति सेना पठाइदिन भनेछन् । सिपाहीको लागि आम्दानीको हिसाबले शान्ति सेना जान पाउन अहोभाग्य नै हुन्छ । मैले श्रीमतीलाई भने अबदेखि सेना सम्बन्धी कुनै कामको सिफारिस पनि नगर्नु र कसैले भने पनि मलाई नभन्नु सिधै साबसँग कुरा गर्न भने । त्यसपछि यस्ता बिषयमा उनले कहिले पनि मलाई दबाब दिइनन् । ती सिपाहीलाई मैले भने म आएको दुई तीन दिनभएको छैन ।

शान्ति सेनाको लागि शोर्ष लगाउने ? यदि तिम्रो पालो आइसकेको भए बोर्डले सिफारिस गरेको भए पहिले नै किन जान पाएनौ ? भनेपछि ती सिपाही नाजवाफ भए । शान्तिसेनामा जाने सबै दर्जालाई ज्येष्ठताको आधारमा उनीहरूको कामको मूल्यांकन गरी पठाइन्छ । जानुभन्दा अगाडि प्रवेश परीक्षा पनि लिइन्छ । केही कमाण्डरहरूले शोर्षफोर्स, चाकडी र केही भेटीको आधारमा समेत शान्तिसेनाको कोटा वितरण गर्ने र पठाउने कार्य पनि सेनामा यदाकदा नसुनिएका होइनन् । कतिपय श्रीमतीहरूको दबाबमा पनि शान्तिसेना पठाइने गरेको कुरा बाहिर नआउने होइन । गण गुल्ममा आउने सिमित कोटाहरूमा निष्पक्ष नभई कसैको सिफारिसमा मर्यादा क्रममा तल भएका अथवा आफ्ना अर्दली, भान्छेलाई प्राथमिकतामा राखेर पठाउनु कमाण्डरको कमजोरी हो । माथिल्लो तहमा पाउने केही कोटा र विभिन्न दबाबमा उपलब्ध गरिने थप कोटाहरूमा राम्रा र क्षमतावान मान्छेभन्दा आफ्ना र चाकडीबाजले नै अवसर पाउँछन् । अहिले सेनामा यस बिषयमा धेरै सुधार भइसकेको हुनुपर्छ । तल्लो तहमा शान्तिसेनाको ठूलो महत्व हुन्छ जहाँ गएर राम्रो आर्थिक आय हुनेछ । अधिकृत तहमा अब्जरभर मिसनमा जान पाउनु आर्थिक आर्जन गर्ने अत्यन्त राम्रो अवसर हो । पहिला पहिला अधिकृत छनौट गर्दा आफन्त, नातागोता या एउटै युनिटमा बसेका या कहिलेकाहिँ पैसा लिएर पनि शान्ति सेना पठाएका तीता खवरहरू बाहिर आउँथे । तर आजभोलि ज्येष्ठता र कार्यक्षमताको आधारमा पठाउने गरेको बुझिन्छ ।

पञ्चायती व्यवस्थामा दरबारभित्रको शोर्षफोर्स निकै चल्थ्यो । २०४४ तिर दरबारमा लामो समय प्रमुख सैनिक सचिव हुनुभएका जर्साब एकपटक जंगी अड्डामा आउनुभयो । उहाँले त्यतिखेरका डिएमओ जर्साबलाई आफ्नो लिस्टका मानिसहरूको लामो लिस्ट देखाउँदै शान्तिसेना पठाइदिन भन्नुभयो । अनि जर्साबले यो त लामो लिस्ट भयो सर अलिक घटाइदिनु पऱ्यो भन्दा मैले यति मानिस पठाउन सकिन भने भोलिदेखि मलाई कस्ले वास्ता गर्छ भन्नुभएको म सम्झन्छु । त्यतिखेर दरबारका कुनैपनि तहका मानिसहरूको सेनामा ठूलो शोर्षफोर्स चल्थ्यो । अहिले यस्ता दबाबहरू दरवारबाट आउन बन्द भए पनि अन्य कुनै पनि किसिमका राजनीतिक दबाब आउन सक्छन् । जसलाई सेनाले राम्रोसँग प्रतिकार गर्न सक्नुपर्छ ।

सेनाको एतिहासिक विकासमा योगदान दिने बिगतमा केही प्रधानसेनापतिहरूको मूल्यांकन इतिहासले गर्नेछ । मेरो जागीरको कार्यकालको शुरुवातदेखि हालसम्म कार्यभार सम्हाल्नुभएका प्रधानसेनापतिहरूमध्ये सबै दर्जाले सम्झने चिफसाबहरू ज्यादै कम छन् । निश्पक्ष भएर आफूले देखेको कुरा छोटकरीमा राखेको छु । जागिरको शुरुमा गुणशम्शेर जवराको नाम सबैले आदरसाथ लिएको सुनेको छु । उहाँले सकल दर्जाको लागि कल्याणकारी कार्यका योजनाहरू शुरु गर्नु भएको रहेछ । त्यसपछि प्रधानसेनापति सच्चितशम्शेर जवरा जसले छाउनीमा वीरेन्द्र सैनिक अस्पतालको निर्माण गर्नुभयो । उहाँले अवकासपछि द्वन्द्वको समयमा सेनाका पक्षमा टिभिमार्फत राम्रा तर्कसहित सात्क्षात्कार गर्नुभएको थियो । जसबाट तत्कालिन सेनाका कमाण्डरहरूको हौसलामा मद्दत पुगेको थियो ।

प्रधानसेनापति धर्मपाल बरसिं थापा अलिक ब्यापारिक सोचको बौद्धिक ब्यक्तित्व भएकाले आर्मी क्लबको स्थापना गर्नुभयो । साथै परिवार आवासका घरहरू बन्ने क्रम अघि बढ्यो । प्यारजङ थापा चिफसाबको कार्यकालमा माओवादी द्वन्दको उत्कर्षमा हुँदा त्यसलाई सही तरिकाबाट संचालन गर्दै नन्स्टाफ कलेज अधिकृतहरूको पनि मूल्यांकन गरी महासेनानीको तहसम्म बढुवा गर्ने नयाँ नीति ल्याउनु भयो । रुकमाङगद कट्वाल चिफ साबले आफ्नो दरो अडानको कारण सेनाको छवि जोगाउने मात्र होइन शायद उहाँलाई हटाउन प्रचण्डहरू सफल भएको भए अहिलेका ठूला भनिएका दलहरू पखा लागेर नेपाल साम्यवादतर्फ उन्मुख भएको हुनसक्थ्यो ।

जातियताको हल्का छवि देखिए तापनि प्रधानसेनापति छत्रमान सिं गुरुङले सेनाको पूर्वाधार विकासमा ठोस कार्य गरेको देखियो । पहिलादेखि नै सबै आधारभूत कुराहरू आफैसँग हुँदाहुँदै पनि शुरु हुन नसकेको मेडिकल कलेजको स्थापना अत्यन्त सराहनीय कार्य थियो । स्पोर्टस सेन्टर लगायत तालिमका पूर्वाधार विकासका कार्यहरू पनि अघि बढाइए ।

भूकम्पमा ध्वस्त भएको आर्मी हेड क्वाटर र महाँकालको निर्माणाधिन ब्यापार कम्प्लेक्स तथा अस्पतालको निर्माण कार्य सम्पन्न पार्ने अवसर पाएका प्रधानसेनापति राजेन्द्र क्षेत्रीको कार्यकालमा नेपाली सेना भ्रष्टाचारमा मुछिएको कुरा पत्रपत्रिकामा प्रसस्त आए । जसको कारण सर्वसाधरणले पनि सेनामाथि औंला ठड्याउने हिम्मत गरे । सेनाको प्रमुख हुनुभन्दा अघि उहाँमा देखिएको इमान्दारीपन र बौद्धिक व्यक्तित्व उच्च ओहोदामा पुगेर पैसाको खेलो फड्को गर्ने अबसर पाउनासाथ छताछुल्ल भयो ।

हालका प्रधानसेनापति पूर्णचन्द्र थापाले सेनाको गौरवमय इतिहासलाई जोगाउँदै सेनाको छविलाई उज्वल पार्ने प्रयासरत भएको पाइन्छ । सेनालाई सुद्धीकरण गरी यसमा भएका केही विकृतिलाई हटाउँदै निष्पक्ष भएर सकल दर्जाको हितको लागि गरिएका उहाँका कार्य सराहनीय छन् । अहिले राष्ट्रमा राजनीतिक र कर्मचारीतन्त्रमा भएको भ्रष्टाचारको ब्रम्हलुटले समस्त नेपालीहरू हैरान परिरहेका छन् ।

अदालतसमेत भ्रष्टाचारमा डुबेको कुरा पत्रपत्रिकामा आइरहनु देशको दुर्भाग्य नै हो । यस्तो समयमा प्रधानसेनापतिको भ्रष्टाचार विरुद्धका कार्यहरूले पुरै देशलाई प्रभाव पारिरहेको छ । अर्कोतर्फ देशमा एउटा यस्तो समूह छ जसले हरवखत सेनाको छवि धमिल्याउने प्रयास गरिरहेको देखिन्छ । उनीहरूको उद्देश्य सेनालाई कमजोर पारेर आन्तरिक समस्या बढाउने र विदेशीको प्रभाव बढाउनु नै हो । सेनाले अनावश्यक विवादबाट बच्न आफ्नो मुख्य भुमिकालाई इमानदारीपूर्वक अघि बढाउँदै सानातिना सडक निर्माण र सामान खरिद गर्ने कार्य पूरा तवरले बन्द गर्नैपर्छ ।

खुला सिमानाको कारण नेपालको सुरक्षामा गम्भिर समस्यामा परिरहेको बेलामा कोरोनाको प्रभाव झनै बढेर गएको छ । यसका लागि खुला सिमाना अभिसाप नै भएको छ । त्यसैले खुला सिमानामा शसस्त्र प्रहरीको गस्ती अरु बढाएर सिमानामा तारको बार लाउन अत्यावश्यक भएको कुरा सेनाले प्रधानमन्त्रीसमक्ष जोडदारले उठाइनु पर्छ ।

अहिलेको नेकपाको आन्तरिक समस्या र देशमा भ्रष्टाचारको संजाललाई तोड्न अब सानातिनो ह्याम्मरले हानेर मात्र ठिक होलाजस्तो देखिदैन । त्यसैले आवश्यक पऱ्यो भने प्रधानमन्त्रीलाई भ्रष्टाचार विरुद्ध बलियोसँग लाग्न र अख्तियारलाई जगाउन सेनाले प्रधानमन्त्रीलाई आवश्यक सरसल्लाह दिन आवश्यक देखिन्छ । अन्यथा स्थिति नसुध्रिएमा सेनाको पहलमा केही हिम्मतिला, राष्ट्रवादी, इमानदार व्यक्तिहरूको छरितो सरकार बनाएर छोटो समयको लागि इमर्जेन्सी लगाएर भ्रष्टाचार निर्मूल पार्न सेना तयार रहनु पर्छ । किनकि जनता कोरोना, बेथिति, कुशासन र भ्रष्टाचारले आक्रान्त छन् ।

# नेपालमा भारतीय विस्तारवाद र त्यसका दिर्घकालिन समस्याहरू-९



सुदर्शन प्रधान

यो प्रवृत्ती विचीत्र र छक्कलाग्दो छ । जुन प्रवृत्तीलाई सुधारेर सही पथमार्गमा लाग्न नसके नेपालको भावि अस्तीत्व संकटमा पर्ने प्रवल सम्भावना छ । किनकी तराई केन्द्रित पार्टीहरू सबै भारतमुखी भएको माथि वर्णन भईसकेको छ पहाडका क्षेत्री ब्राम्ह्ण जातीलाई पनि ति आदीवासी नेताहरू भन्ने गर्छन् "दक्षिणबाट आएका यि आर्यनहरूका भषा, संस्कृती, धर्म, लिपी सबै मिल्ने भएकोले पछि उतै मिल्न जान्छन् ।" तर आफूचाहीँ उनै दक्षिणको जागीरखान मरिहत्ते गर्छन् आदीवासीहरू । अव नेपालको राष्ट्रिय अखण्डता, सार्वभौमिकता र अस्तीत्व कुन जनसमुदायले बचाँउलान् त ? राउटे र कुसुण्डा समुदायले ? विचरा ! ति अझैसम्म जंगलमै भौतारिरहेछन् । कुसुण्डाहरू चाहीँ जंगल, खोलानदी किनाराहरूमा भर्खर छाप्राहरू उभ्याएर बस्न थालेको ३, ४ दशक मात्र भएको छ । नेपाल भरि वार्ड अध्यक्षमा पनि एक जना पनि छैनन् होला ति ।

ब्रिटिस सेना र भारती सेनामा भर्ती भई पेन्सन पकाएकाहरू र लाहुरे हुन नसकेका व्यक्तिहरू जनजाती संगठनहरूमा आवद्ध भई संस्थाको आर्थिक व्यय र गाउँको विकासको लागि उनै दातृ राष्ट्रहरूकहाँ प्रस्तावना पेश गर्ने यता पृथ्वीनारायण शाहलाई अझै पनि घृणा र उपच्छ्या गरि रहने ?

जनजातीका नेताहरू प्राय सबै भित्रभित्र मगरसेना, गुरुङ्ग सेना, तामाङ्ग सेना, राई सेना, लिम्बु सेना, नेवा सेनाहरू गठन गर्न तत्पर रहेको थुप्रै प्रमाणहरू छन् । तराईमा गोईत, ज्वालासींहरूले आतंकवादी दस्ताहरू गठन गरि हत्या, अपहरण, लुटपाटपूर्ण कैयौं घट्नाहरू घटाए, सि.के.लालले पनि भित्रभित्रै त्यस्तो सेनाहरू गठन गरिरहेको आशंका छ । भोली विशम परिस्थीतिमा तराईका सम्पूर्ण पार्टीहरूले सेनागठन गर्ने प्राय निश्चीत छ, त्यसवेला यहाँका आदीवासी जनजातीहरू सबैले पनि सेना गठन गर्न सक्छन् । सेना गठन भनेको केन्द्रिय सत्तासँगको संघर्ष र युद्ध हो ।

देशभरिका जनजातीका सेनाहरू र तराईका सेनाहरूले विद्रोह र संघर्ष थाले के हुन्छ ? के केन्द्रिय सत्ताले थेग्न सक्छ ?अनि ब्राह्म्हण क्षेत्रीहरूले मात्र बचाउँन सक्छ ? चारैतिर र सबैतिरबाट र संघर्षको प्रतिकार गर्न नसकेपछि उनिहरू पनि हतास हुनेछन् र जनजातीका नेताहरूले लगाउने गरेको आरोप (दक्षिणबाट आएका ब्राम्ह्ण क्षेत्रीहरू अन्तमा उतै मिल्ने छन्) साकार तुल्याउन सक्छन् युद्धको पिडा, अभाव, आतंक, कोलाहल कति दिन र समय आफूले मात्र सहने भनेर ।

*(क्रमश)*

# मैले देखेको १४० औं विश्व सम्पदा

# न्यूयोर्कको एरोस्पेस म्युजियम

सुरेन्द्र ढकाल




बाहिरबाट हेर्दा म्युजियम यस्तो देखिन्छ



म्युजियमभित्र सुरेन्द्र ढकाल सन् २००३ अप्रिलमा




म्युजियमभित्रको Grumman F11F fleet मोडेलको विमान



म्युजियमको भित्री भाग

अप्रिल १, २००३ को दिनभर र बेलुकी गरी इम्पायर स्टेट बिल्डिङ र टाइमस्क्वायर अवलोकन गरिसकेपछि अप्रिल २ का दिन हामी ब्रेकफास्ट सकी न्यूयोर्कको एरोस्पेस म्युजियम अवलोकन गर्न त्यता लाग्यौं। न्यूयोर्कको गार्डेन सिटिमा अवस्थित यो म्युजियम पहिलेको मित्सेल अमेरिकी एअरफोर्स बेस रहेछ। त्यो बेसलाई नजिकैको रुजभेल्ट फिल्ड र हेमस्टेड प्लेन (समथर क्षेत्र) लाई मिलाएर बनाएको यो सैनिक विमानस्थलमा सन् १९२० सम्म हवाईजहाज अवतरण र उडान हुँदो रहेछ। पछि यसको नाम क्रेडल अफ एभियसन म्युजियम राखिएको रहेछ।

सन् १८७३ मा पाइलट WH Donaldson ले बेलुन उडानबाट शुरु गरेको यो हवाईमैदान पछि बेलुन उडानबाटै प्रसिद्धि प्राप्त गरेको रहेछ। सन् १९०९ मा यहाँबाट साना विमानहरूको उडान र अवतरण शुरु भएको रहेछ। १९११ बाट ठूला विमानहरू र १९१६ बाट रात्रि उडानहरू यस विमानस्थलबाट शुरु भएको रहेछ। सन् १९१९ यहाँबाट उडेको विमानले एटलान्टिक महासागर पार गरी बेलायतको रुजबेल्ट हवाई मैदानमा अवतरण गरेको रहेछ। सन १९२४ मा पहिलो पटक यहाँबाट उडेको विमानले पृथ्वी परिक्रमा गरेको रहेछ। सन् १९२७ मा पहिलो पटक यहाँबाट यात्रुसहितको विमान उडी फ्रान्सको पेरिस र जर्मनीको आइसलेवेन विमानस्थलमा अवतरण गरेको रहेछ।

यो विमानस्थललाई उडान म्युजियम बनाउने सपना विमानस्थलका निर्देशकद्वय काइजर र जर्ज सि डेडको रहेछ। पछि यो अभियानमा हेनरी आन्होल्च्र जोडिन आइपुगेछन्। यिनीहरूको टिमले थुप्रै पुराना विमानहरू जर्मनीको नासाउ सैनिक विमान क्षेत्रबाट जम्मा गरी मर्मत गर्ने कार्य शुरु गरेका रहेछन् जसले सन् १९८० सम्म निरन्तरता पाएको रहेछ र सन १९८० मा यो म्युजियमको औपचारिक उद्घाटन भएको रहेछ।


सन् २००२ मा पछिल्लो पटक यो म्युजियमको जिर्णोद्धार गरी यसलाई नयाँ बनाउने कार्य गरिएको रहेछ। हामीले त्यस म्युजियमको अवलोकन गर्दा विभिन्न साइज, मोडेल र समयका ६० वटा विमानहरू त्यहाँ प्रदर्शनमा राखिएका रहेछन्।

अमेरिकामा भएका एरोस्पेस म्युजियममध्ये सबैभन्दा लोकप्रिय म्युजियमा रहेछ यो। अन्तर्क्रिया गर्न मिल्ने अडियो भिजुयल सुविधाले सम्पन्न यो म्युजियमको आकर्षणहरूमा जेट ब्लु डोम नाचघर, आइमेक्स फिल्महल र डिजिटल प्लानेटोरियम पर्दा रहेछन्। हामी भनी प्रदर्शन राखिएका विमानहरू अवलोकन गरी बेलुकी ५ बजेतिर ज्याक्सन हाइट फर्कियौं।



म्युजियममा प्रदर्शनमा राखिएका विमानहरू

# ३६. २००७ सालको "क्रान्ति" र त्यसलाई हेर्ने एक नजर




■ शम्भुराम श्रेष्ठ

२००७ सालको क्रान्तिले नेपालमा आधुनिक एवं औपचारिक प्रजातन्त्रको स्थापना गऱ्यो। सो स्थापना भएकै पनि आधा शताब्दी र आधा दशक नाघिसक्यो। यो छोटो समयावधि होइन। यति लामो समय बितिसक्दा पनि नेपालमा प्रजातन्त्रले जरो हाल्न सकेको छैन अथवा भनौं जरो हाल्न पाएको छैन। यस अवधिमा हामीजस्तै अविकसित अरु मुलुकहरू कहाँबाट कहाँ पुगिसके। हामी जहाँको तहीं छौं। विकासको पूर्वाधार समेत राख्न सकिएको छैन। ससाना समस्याहरू आइपर्दा पनि हामी तिनको समाधान गर्ने कोसिस समेत गर्दैनौं तिनको समाधानका लागि अरुको मुख ताक्ने गर्दछौं। यसो गर्नु एक किसिमले हाम्रो राष्ट्रिय स्वभाव जस्तै भइसकेको छ। औपचारिक प्रजातन्त्र स्थापना भएको ५५ वर्षमध्ये दुई तिहाईभन्दा बढी वर्षहरू त राजाको प्रत्यक्ष शासनले नै खाइदियो र बाँकी बचेका वर्षहरू पनि चाहे ती निर्वाचित सरकारहरू होस् चाहे राजाद्वारा मनोनित वा गठित सरकारहरू नै किन नहोस्, एकदमै अस्थिर र निरन्तर फेरिरहने भएको कारणले त्यसै खेर गए। यहाँसम्म कि जुन दिल्ली सम्झौता बमोजिम औपचारिक प्रजातन्त्रको स्थापना भएको थियो, खुद त्यही सम्झौता बमोजिम सम्भव भएसम्म चाँडो नेपालमा संविधान सभाको निर्वाचन गराई औपचारिक प्रजातन्त्रलाई स्थायित्व प्रदान गर्ने जस्तो गहन एवं ऐतिहासिक जिम्मेवारीसहित मोहनशमशेर जबराको प्रधानमन्त्रित्वमा ७ गते फागुन २००७ सालमा गठन भएको राणा कांग्रेस संयुक्त अन्तरिम मन्त्रिमण्डल ६ महिना पनि टिक्न सकेन र बीचैमा आफू स्वयंले खुसीराजी लिएको ऐतिहासिक जिम्मेवारी बेवास्ता गरी आत्महत्या गरेर आफूलाई अन्त्य गर्न पुग्यो। आखिर किन ? यसो हुन जानुको खास कारण के हो र के हुन सक्छ ? यसको निम्ति को जिम्मेवार ? कहीँ यो २००७ सालको क्रान्तिकै दोषले त भएको होइन ? यसरी २००७ सालको क्रान्तिकै सम्बन्धमा विभिन्न प्रश्नहरू उठ्न थालेका छन् जसको सही उत्तरको खोजी गर्नु एकदमै आवश्यक महसुस गरिएको छ। यही आवश्यकतालाई ध्यानमा राखेर नै यहाँ २००७ सालको क्रान्तिबारे एउटा अर्कै दृष्टिकोणले सिंहावलोकन गर्न खोजिएको छ।

अब यस सम्बन्धमा उठेका प्रश्नहरू मूलतः के कस्ता छन् हेरौं। २००७ सालको क्रान्ति भनेकै वास्तवमा के हो त ? के त्यो साँच्चै क्रान्ति नै हो ? त्यो क्रान्ति कसले कसको विरुद्ध कुन उद्देश्यले गरेको थियो ? माथिका प्रश्नहरूका सही उत्तरको खोजी गर्नु क्रान्ति हुनुभन्दा ठीक अघिको समयमा र क्रान्ति कालमा जति आवश्यक थियो, आज पनि मुलुकको मौजुदा राजनीतिक स्थितिलाई ठीकसँग बुझेर सही दिशामा अघि बढ्नका लागि उत्ति नै आवश्यक छ जहाँसम्म २००७ सालको क्रान्ति वास्तवमा के हो त भन्ने प्रश्न छ, त्यसलाई १०४ वर्ष लामो राणा जहाँनियाँ शासनलाई खतम गरी नेपालमा प्रजातन्त्र स्थापना गर्नका लागि गरिएको क्रान्ति भनी भन्ने गरिएको छ। तर त्यो भनाइ सतही रुपले मात्रै सही हो, पूर्ण रुपले सही होइन। जहाँसम्म दोस्रो प्रश्नको अर्थात् के त्यो साँच्चै क्रान्ति नै हो त भन्ने प्रश्न छ, त्यसलाई पनि सही अर्थमा क्रान्ति भन्न मिल्दैन किनभने त्यसबाट राणा शासनको अन्त्य नै भए तापनि त्यसबाट नेपालका सामाजिक, राजनीतिक तथा आर्थिक प्रणालीहरू आधारभूत रुपान्तरण भएको छैन। शासन प्रणाली फेरिनु मात्र नै क्रान्ति हुनुका लागि पर्याप्त हुँदैन। जहासम्म तेस्रो प्रश्न अर्थात् २००७ सालको क्रान्ति कसले, कसको विरुद्ध, कुन उद्देश्यले गरेको थियो भन्ने प्रश्न छ, भन्नलाई त त्यो क्रान्ति नेपाली कांग्रेसले राणा जहाँनियाँ शासनलाई खत्तम गरी नेपालमा प्रजातन्त्र स्थापना गर्ने उद्देश्यले गरेको भनी भन्ने गरिएको छ र औपचारिक रुपमा नेपाली कांग्रेसले गरेको हो पनि। नेपाली कांग्रेसले नै गरेको हो भन्ने मानिसहरूलाई लागेको पनि छ। अरु त अरु नेपाल कम्युनिस्ट पार्टीको प्रथम राष्ट्रिय सम्मेलनका दस्तावेजहरूले समेत नेपाली कांग्रेसको नेतृत्वमा २००७ सालको क्रान्ति भएको भनेर लेखेका छन्। तर यो सत्य कुरा होइन। किन होइन भने प्रथमतः उक्त क्रान्ति हुनुभन्दा ४ महिना जति अघि मात्रै नेपाल राष्ट्रिय कांग्रेस (कोइराला ग्रुप) र सुवर्ण शमशेरको नेपाल प्रजातान्त्रिक कांग्रेस मिलेर नेपाली कांग्रेस बनेको थियो र त्यस समय त्यसको कुल सदस्यहरूको संख्या मुश्किलले १०० अथवा १२५ जवानको होला। भन्नाको तात्पर्य के हो भने त्यस समय नेपाली कांग्रेस मेचीदेखि महाकालीसम्म एकै दिन एकै समयमा सशस्त्र क्रान्ति छेड्ने संगठनात्मक अवस्थामा विल्कुलै थिएन। दोस्रो कारण के हो भने यदि २००७ सालको क्रान्ति साँच्चै नै नेपाली कांग्रेसको नेतृत्वमा भएको भए राणा शासन खत्तम भई राणा कांग्रेस संयुक्त अन्तरिम मन्त्रिमण्डल गठन भएको लगत्तैपछि नै नेपाली कांग्रेसको सर्वोच्च नेता गृहमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले कदापि आफ्नो पार्टीको नेतृत्वमा राणा शासनविरुद्ध लडेर त्यसलाई पराजित गरी कांग्रेस पार्टीलाई विजयी बनाउने मुक्ति सेनालाई सशस्त्र प्रहरी दलमा बदलेर मुक्ति सेनालाई अपमान गर्ने थिएन। राणा शासन खतम भएको एकै वर्ष पनि बित्न नपाउँदै तीन मुक्ति सेनाका जवानहरूले नेपाली कांग्रेसको एकलौटी सरकार विरुद्ध सशस्त्र विद्रोह गर्नु त्यसकै परिणाम हो।

अर्को शब्दमा नेपाली कांग्रेसको नेतृत्वले मुक्ति सेनाको महत्वलाई नबुझ्नु र त्यसलाई अपमान गर्नुको स्पष्ट अर्थ हुन्छ- नेपाली कांग्रेसले २००७ सालको क्रान्ति गरेको होइन। त्यसो हो भने कसले गऱ्यो त ? त्यो गर्ने अरु कोही होइन, भारतीय विस्तारवादको नाइके पं. जवाहरलाल नेहरू हुन्। उनैले नै २००७ सालको क्रान्ति गरे, गराएको हो तर यो कुरालाई मानिसहरूले मान्दैनन् र मनेका पनि छैनन्। यहाँसम्म कि नेपाल कम्युनिस्ट पार्टीको प्रथम राष्ट्रिय सम्मेलन र प्रथम महाधिवेशनले समेत मानेका थिएनन्।

त्यसो त सन् १९४७ मा अंग्रेज साम्राज्यवादको औपनिवेशिक दासताबाट मुक्त भई स्वाधीन भएदेखि त्यसले अंग्रेज साम्राज्यवाद प्राप्त अपुतालीको रुपमा नेपाललाई भारतीय विस्तारवादको अर्धउपनिवेशमा परिणत गरी नेपालमा अर्ध औपनिवेशिक रजाइँ गरिआएको तथ्यलाई पनि नेपालका कम्युनिस्ट समूहहरू लगायत अरु राजनीतिक पार्टीहरूले पनि स्वीकार गरेका छैनन्, किन रे भने, भारतजस्तो भर्खरै मात्र स्वाधीन भएको एकाधिकार पुँजीवाद साम्राज्यवादमा विकसित भइनसकेको सामान्य पुँजीवादी मुलुकले कदापि त्यसो गर्दैन रे। यस्तो तर्क अघि सार्नुको मतलब नेपाल पूर्ण रुपले स्वाधीन छ र यो कुनै पनि विदेशी मुलुकको राजनीतिक, आर्थिक थिचोमिचोमा छैन भन्नु सरह हो। नेपालका यी राजनीतिक सर्कलहरूको यो सोच र समझ वस्तुवादी नभई विल्कुलै मनोवादी छ। यिनीहरूलाई पुँजीवादको विकासक्रमको कुन अवस्थामा उपनिवेशवादको जन्म भएको थियो भन्ने पनि जानकारी नभएको प्रस्ट हुन्छ। यिनीहरू इंग्ल्याण्डको इतिहासदेखि पनि अनभिज्ञ छन्। ग्रेट ब्रिटेनले आफ्नो मुलुकमा पुँजीवादको विकासको प्रारम्भिक कालमा नै मध्ययुगीन अवस्थामा रहेका एसियाली अफ्रिकी मुलुकहरूलाई आक्रामक युद्धहरूद्वारा उपनिवेशीकरण गर्न थालेको थियो। यो ऐतिहासिक तथ्यलाई थाहा पाएको भए नेपालका ती राजनीतिक सर्कलहरूले सन् १८१६ मा सुगौली सन्धि भएदेखि अंग्रेज साम्राज्यवादको अर्धउपनिवेश भइआएको नेपाललाई भारत स्वाधीन भएपछि भारतीय विस्तारवादले आफ्नो अर्धउपनिवेशमा रुपान्तर गरेको तथ्यलाई कदापि अस्वीकार गर्ने थिएनन्।

पुँजीवादको विकास नै मत्स्यन्याय अनुसार हुने हुनाले सानो ठूलो र विकसित अविकसित सै पुँजीपति वर्गको जातीय स्वभाव नै आफूभन्दा सानो र कमजोर पुँजीपतिहरूलाई खाएर हुर्कने अथवा ठूलो हुने हुन्छ। मुसाको निम्ति बिरालो नै बाघभन्दा बलियो र डरलाग्दो हुन्छ भन्छन्। यो साँच्चै हो। नेपाल भारतीय विस्तारवादको अर्धउपनिवेशमा रुपान्तरित भएको तथ्यलाई व्यवहारमा अनुभव गरे पनि सैद्धान्तिकहरूले स्वीकार नगरेको कारणले नेपालका कम्युनिस्ट समूहहरूले अहिलेसम्म नेपाली समाजमा हाल विद्यमान वर्गहरू के कस्ता छन् तिनीहरूमध्ये आधारभूत अन्तविरोधहरू कुन कुन हुन् तथा तीमध्ये प्रधान र अप्रधान कुन हुन्, ती दुई बीचको अन्तरसम्बन्ध कस्तो हुन्छ आदिबारे ठीकसँग ठम्याउन नसकिरहेको हुनाले नेपाली क्रान्तिको रणनीति र त्यसका कार्यनीतिहरू निर्मित हुनमा बाधा परिरहेको छ।

## बाल दिवसमा अन्तरक्रिया




काठमाडौं। राष्ट्रिय बाल दिवसका अवसरमा मदन भण्डारी फाउण्डेसनको आयोजनामा बाल विकासमा कोरोना महामारीले पारेको असर विषयक भर्चुअल अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

मदन भण्डारी फाउन्डेसनकी केन्द्रीय अध्यक्ष उषाकिरण भण्डारीको अध्यक्षतामा भएको सो अन्तरक्रिया कार्यक्रममा सात प्रदेशका बालबालिका ,शिक्षक ,अभिभावक र राजनीतिकर्मीहरूको सहभागिता रहेको थियो।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पार्वत गुरुङको प्रमुख आतिथ्यतामा भएको सो कार्यक्रममा बालबालिका, शिक्षक तथा अभिभावकले बालबालिकामा देखिएका असर र असर न्यूनीकरण गर्न अपनाउनुपर्ने तौरतरिकाका बारेमा विज्ञहरूसँग जिज्ञासा राखेका थिए। सो अन्तरक्रिया कार्यकममा बोल्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पार्वत गुरुङले महामारीका कारण बालबालिकामा परेको असरलाई विचार गरी आगामी कार्यक्रमहरू बनाउन जरुरी रहेको बताएका छन। सो अवसरमा मन्त्री गुरुङले अनलाइन शिक्षा र त्यसको पहुँच विश्लेषण गर्दै बालबालिकाको सिकाई सम्बन्धी आगामी कार्यक्रम बनाउन आवश्यक रहेको धारणा राख्दै कोरोना महामारीका कारण विद्यालय शिक्षा सञ्चालन हुन नसकेको अवस्थामा फाउण्डेसनले बालबालिकाको सिकाई र बाल मनोविज्ञानका विषयमा बालबालिकासँग गरिएको अन्तरक्रिया रचनात्मक कदम भएको बताएका थिए।

त्यस्तै अन्तरक्रिया कार्यक्रममा बोल्दै फाउन्डेसनकी केन्द्रीय अध्यक्ष उषा किरण भण्डारीले बालबालिकाको मनोविज्ञान मुख्य सरोकारको विषय रहेको भन्दै बालबालिकाको क्षेत्रमा थप कार्यक्रम गर्ने बताएकी थिइन। सरोकारवाला सबै पक्ष संग समग्र विषयको छलफल गरेर बालबालिकाको समग्र विकासका गतिवधि संचालन गर्नुपर्ने बताउदै अध्यक्ष भण्डारीले कोभिड का कारण बालबालिकाको मनस्थितिमा परेको असरका वारेमा गहन अध्ययन गर्नुपर्ने धारणा राखेकी थिइन्। सो अन्तरक्रियामा बाल शिक्षाविद् प्राध्यापक वासुदेव काफ्ले ,जनस्वास्थ्यविद् डा. अरुणा उप्रेती बाल मनोविद् डा. गङ्गा पाठकले शिक्षक, अभिभावक र बालबालिकाले अधिकार, जिम्मेवारी, सम्बन्ध र जबाफदेहिता ,बालबालिकामा देखिएको मनोवैज्ञानिक असर हटाउन अपनाउनुपर्ने उपायहरूका आदिका वारेमा सहभागीहरूलाई जानकारी गराएका थिए।

## तीन हजार बेडको आइसोलेसन तयार गर्ने

काठमाडौं। बागमती प्रदेस सरकारले काठमाडौं उपत्यकामा तिन हजार आइसोलेसन बेड तयार गर्ने भएको छ।नेपाल सरकारका स्वास्थ्य मन्त्रि भानुभक्त ढकाल सहितको उपस्थितिमा काठमाडौं जमलको होटल यल्लो प्यागोडामा आयोजना भएको छलफल पश्चात सो निर्णय गरिएको हो।

बागमती प्रदेसका मुख्यमन्त्री डोरमणि पौडेल सहितको उपस्थितिमा भएको छलफलले काठमाडौं उपत्यकाका विभिन्न स्थानमा आवस्यक सुविधा र स्थानको छनौट गरेर आइसोलेसन बेड स्थापना गर्न तत्काल काम शुरु गर्ने निर्णय गरेको हो।

सो छलफल पश्चात काठमाडौं उपत्यकाका काठमाडौं भक्तपुर र ललितपुर जिल्लाका विभिन्न क्षेत्रमा उचित स्थान छनौट गरि कोरोना संक्रमितहरूलाई राख्ने सुरक्षित र सुविधा सम्पन्न आइसोलेसन केन्द्र स्थापनाका लागि नेकपा केन्द्रीय सदस्य तथा काठमाडौं सांसद अध्यक्ष कृष्ण राई ,नेकपा केन्द्रीय सदस्य तथा काठमाडौं महानगर इन्चार्ज सांसद जीवनराम श्रेष्ठ र बागमती प्रदेस सभा सदस्य दिपक निरौला र स्वास्थ्य मन्त्रालयका सल्लाहकार डा. खेम कार्कीलाई जिम्मेवारी दिइएको थियो।

उक्त छलफलमा बागमती प्रदेस सरकारले स्थापना गर्ने आइसोलेसन केन्द्रमा आवस्यक पर्ने स्वास्थ्यकर्मी तथा प्राविधिक जनशक्ति उपलव्ध गराउन संघीय सरकारका स्वास्थ्य मन्त्रि भानुभक्त ढकाललाई आग्रह गर्दै मुख्यमन्त्री पौडेलले क्षेमता र सुविधा विस्तारका लागि स्थानीय तहमा संचालित स्वास्थ्य केन्द्रलाई सहयोग गरिएको जानकारी दिएका थिए।

बागमती प्रदेसका अन्य जिल्लामा क्वारेन्टाइन र आइसोलेसन केन्द्रको व्यवस्थापन भए पनि काठमाडौं उपत्यकामा त्यसमा कठिनाइ देखिए संगै बागमती प्रदेस सरकारले तिनै तहका सरकारहरू संगको सहकार्यमा संक्रमितहरूलाई व्यवस्थापन गर्नका लागि आयोजना गरिएको सो छलफलमा स्वास्थ्य मन्त्रालय र त्रिभुवन विश्वबिद्यालयले आवस्यक सम्पूर्ण सहयोग उपलव्ध गराउने प्रतिवादत्ता ब्यक्त गरेका थिए।

सो छलफलमा आफ्ना धारणा राख्दै त्रिभुवन विश्व बिद्यालयका उपकुलपति डा.धर्मकान्त बास्कोटाले बागमती प्रदेस सरकारले स्थापना गर्ने आइसोलेसन केन्द्रका लागि त्रिभुवन विश्वबिद्यालयका भवन तथा स्थान उपलव्ध गराउने बताएका थिए भने काठमाडौं महानगरपालिकाका प्रमुख विद्या सुन्दर शाक्यले एकीकृत स्थानमा केन्द्र निर्माणमा जोड दिदै उपत्यका नगरपालिका फोरम बाट पूर्ण सहयोग हुने प्रतिवदत्ता ब्यक्त गरेका थिए।

लकडाउनमा प्रदेस सभा निर्वाचन क्षेत्रमा अनुगमन तथा सहयोगका लागि प्रदेस सभा सदस्यको नेतृत्वमा अनुगमन समिति निर्माण गर्ने निर्णय गरेको बागमती प्रदेस सरकारले काठमाडौं उपत्यकामा संक्रमणको अवस्था निकै बढेको अवस्थामा रोकथाम र नियन्त्रणका लागि देखाएको तदारुकता र सक्रियतामा सहयोग रहने बताउदै छलफलका अन्य वक्ताहरूले संक्रमण पहिचान र परिक्षण स्थानीय तह ,आइसोलेसन केन्द्र स्थापना तथा संचालन प्रदेस सरकार र सघन उपचार सहित आवस्यक प्राविधिक सहयोग संघीय सरकारले गर्नेगरी संयन्त्र निर्माण गर्नका लागि सुझाव दिएका थिए।

सो छलफल कार्यक्रममा नेपाल सरकारका स्वास्थ्यमन्त्रि भानुभक्त ढकाल, नेकपा केन्द्रीय सदस्य तथा काठमाडौं क्षेत्र नं ९ का प्रतिनिधि सभा सदस्य कृष्ण गोपाल श्रेष्ठ, नेकपा काठमाडौं अध्यक्ष तथा काठमाडौं क्षेत्र नं ३ का प्रतिनिधि सभा सदस्य कृष्ण राई, नेकपा केन्द्रीय सदस्य तथा काठमाडौं क्षेत्र नं ८ का प्रतिनिधि सभा सदस्य जीवनराम श्रेष्ठ, त्रिभुवन विश्व विद्यालयका उपकुलपति डा. धर्मकान्त बास्कोटा, काठमाडौं महानगरपालिकाका प्रमुख विद्या सुन्दर शाक्य, बागमती प्रदेसका प्रदेस सभा सदस्य दिपक निरौला, नेकपा ललितपुरका अध्यक्ष हरिकृष्ण व्यंजनकार, नेकपा भक्तपुरका अध्यक्ष बचन देउजा, स्वास्थ्य मन्त्रालयका सल्लाहकार डा. खेम कार्की, स्वास्थ्य व्यवसायी परिषदका रजिस्टार पुष्प खनाल, काठमाडौं महानगरपालिकाका प्रवक्ता ईश्वरमान डंगोल लगायतको उपस्थिति रहेको थियो।

कविता

## कठिन समयको शब्दचित्र



● गोपीकृष्ण प्रसाईं

संसार स्तब्ध बनाउँदै
धरतीमा भाईरसको सकसले
जिन्दगीहरू बेसुरा भएका छन्
ऐठनग्रस्त सपनाहरूले
फुलको बासना लिन सकेनन
मूलको पानी चिन्न सकेनन्
बान्ता भएर निकम्मा भए सीमाहीन सपनाहरू,
अबरूध्द बाटोमा गुरांस फुलेको देखिन,
जीवन जोगाउने माटोमा
आमाको मुहार भेटिन,
यो कस्तो डरको खेती हो
तिमी मबाट, म तिमीबाट
भागिरहेको परिवेश अनौठो छ
घरमा निरन्तर बसेर यादहरूको गोधुलीमा
मुर्झाएको मन अनौठो छ,
हो कोरोनाले थलिएको विश्वनै अनौठो छ
त्राहिमाम त्राहिमाम गर्दै जीवनसंगका
पौंठेजोरीहरू चलिरहेछन्,
जीवनका शाश्वत उभारहरू एकाएक गलिरहेछन्
मनका बसन्तहरू हेर्दाहेर्दै जलिरहेछन्,
संसार अबरूद्ध भए पनि प्रकृतिको हांसो उस्तै छ,
भाईरसको भीषण धम्कीमा पनि जीवनको
गुनासो उस्तै छ !
हो यतिबेला म कोरोना युगमा छु,
यतिबेला रक्तमुछेल प्रताडित मनहरूसंग
बातचितमा छु।
ती शालीन सभ्यताका रौनकहरू,
ती ऐतिहासिक धरोहरहरू,
ती रंगीन महफिलहरू
दिनमा अनि रातमा जागिरहने शहरहरू
स्कुल कलेजका उर्जावान रहरहरू
त्यो साधनाको तपोवन,
पंछी जस्तो मेरो मन
म रमाउने त्यो समुन्द्र,
पर्यटनमा रमाउने संसार
अवरूध्द छ,
उड्ने भावनाहरू
गुड्ने चाहनाहरू
उन्मुक्त हांसो छर्ने प्रकृतिको रंगमंच अवरूध्द छ !
हरेक ठाउंमा पीडा छ
पीडै पीडाबाट गुज्रेर मानव सभ्यता आक्रान्त छ
यो कस्तो समय हो ?
तर समयमात्र त्यस्तो होइन,
महामारीले फैलाएको भ्रम पनि छ त्यहाँ,
नाथे कोरोनाले सभ्यता हल्लाउन सक्तैन,
मानव उमंगका असिमित गतिहरू कोरोनाले
चलाउन सक्तैन,
प्लेगले लुछ्यो संसारलाई,
स्पेनिस फ्लुले घेर्यो संसारलाई,
रेविज, एड्सको प्रताडन पनि त थियो र छदैंछ
यो संसारमा,
मान्छेले अन्तरिक्षमा पकड जमायो
चन्द्रमामा आफ्ना आंसुहरू थमायो
ए दुनियां नरोउन त्यसरी !
मान्छे डायनोसार जस्तो लोप हुन सक्तैन
भगवानले मान्छेलाई दूत बनाएर यहाँ पठाए
पुष्पक विमान बनाउन मान्छेलाई खटाए
यो जादुमय दुनियां मान्छेको हो
ती मन्दिर, चर्च ,गुम्बा र मस्जिदहरूमा
मान्छेका सपनाहरू छन्
उत्तर आधुनिक दौडको यो विश्वमा मान्छेका
पदचापहरू छन्,
मानवताका सुकिला मनहरू बोकेर
किन भाईरससंग डराउंछौ ?
ए मान्छे तिमी देवता पनि हौं !
ईश्वरीय अंस बोकेर राक्षससंग नडराउ
भष्मासुरलाई बेकारमा नकराउ
नष्ट हुन्छ यो नौटंकी भाईरस
ठूलो मायांले धरतीले मान्छेको रक्षा गरेकी छन्
अब पनि धरतीलेनै हाम्रो रक्षा गर्नेछिन
प्रकृतिको क्षणिक नौटकी मात्र हो यो
भाइरस त !
हो यो केही दिनमा हराउंछ
जसरी छिचिमिरा आउंछन्, जान्छन्
जसरी सिनोहरू खोतलेर गिध्दले लान्छन्
हे मानव यो प्रिय संसार तिम्रो हो
तिमीले गर्दा संसार संसार भएको छ
प्रकृतिलाई मायां गर
प्रकृतिको छायां बन
धरतीको गीत गाउ
पृथ्वी खोतल्न नलाग
आफ्नो स्वार्थको खातिर पर्यावरण नबिगार
धरतीका सुन्दर प्राणी नमार
तिमी ईश्वरीय अंस हौ
तिमीभित्र भगवान छ
अब सातै महादेशमा मान्छेका शालीन
आवाजहरू पुग्नु पर्छ,
यो भाईरसले त अब जसरी पनि भाग्नु पर्छ
यो भाईरसको त अब जसरी पनि अन्त्य हुनुपर्छ,
बेकारमा विध्वंसको किन चर्चा गर्नु ?
सकरात्मक सोच राखौं
कोभिड-१९लाई संसारबाट फ्यांकौ
मान्छे संसारको रक्षक हो
अव पृथ्वी जोगाउन उ जाग्नु पर्छ
हो मानव सभ्यताको खातिर मान्छे जाग्नु पर्छ !
यो कोरोना विहीन विश्वको खातिर मान्छेले
आफ्ना अवान्छित स्वार्थहरू त्याग्नु पर्छ !!

## फिदा म

यसै हाम फालेकी हैन त्यो ढुंगामा सानु
म त फिदा थिएँ तिम्रो त्यो जुँगामा सानु

एकै नजरमा माया बस्यो तिमीसँग
आउँदैछु खोली तरी पर्खी बस्नु है सानु

लाग्दै थियो बैगुनी, सारथीहरूको भीडमा छु म
तिमी एउटा जोसँग गुणैगुण भेट्टाएँ सानु

देखेर जानेर बुझेर नै नजिक परेकी हुँ तिम्रो
प्रेम भएको हो, त्यो फूलको थुँगामा सानु।



सन्जु ओली

कोभिड १९ र बन्दाबन्दीका कारण बढ्दो आत्महत्या न्यूनीकरणका लागि निम्नानुसार गरौं

- आर्थिक असमानता, सामाजिक एवं सांस्कृतिक देखावटीपन, नकारात्मक अभ्यास एवं चलायमान, मनोवृत्तिलाई कडाईका साथ निरुत्साहित गरौं।
- आदर्शपूर्ण नैतिक शिक्षा तथा उच्च परिवारिक मूल्य मान्यता, दया, आदर र आत्मसम्मानको भाव प्रदान गर्ने प्रकृतिको चेतना अभिबृद्धि गरौं।
- उच्चाभिलाषी हुने ज्ञानभन्दा जीवनमा आइपर्ने हरेक विषम परिस्थितिको सामना गर्न सक्ने खुवी र मानसिकताको विकास गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# किन संस्थागत हुन सकेन अरब क्रान्ति ?



**विष्णु भट्टराई**

ट्युनिसियाका एक श्रमजीवी युवा मोहम्मद वैआजिजीलाई बिना लाइसेन्स तरकारी बेचेको अभियोगमा १७ डिसेम्बर २०१० मा त्यहाँको प्रहरीले गिरफ्तार गऱ्यो । प्रहरी हिरासतबाट उनी मुक्त भए पनि उनमा 'इम्फेरिटी कम्प्लेक्स पैदा भयो । कुनै अपराध नगरे पनि प्रहरीले उनीमाथि अपराधीलाई गर्ने व्यवहार गरेकाले उनमा घोर नैराश्यता उत्पन्न भयो । श्रम गरेर जीविकोपार्जन गर्न समेत नपाउनु जस्तो अमानवीय व्यवहार सहनुभन्दा बरु धर्ती नै छोडनु बेस ठाने उनले । निराशा, ग्लानी र आक्रोशले उनलाई आत्मदाह गर्न प्रेरित गऱ्यो । एक्लो युवाले राज्यविरुद्ध विद्रोह गर्न सक्ने कुरा पनि थिएन । बैआजीजीले ४ फेब्रुअरी २०११ म आफ्नो शरीरमा आफैंले पेट्रोल खन्याए र आगो झोसे । त्यो पनि सरकारी कार्यालयहरूको सामुन्ने ।

बैआजिजीको आत्मदाहले ट्युनिसियालाई नै डढेलो लगायो । हजारौं हजार युवाहरू सरकारको विरुद्धमा सडकमा उत्रिए । सरकारी प्रहरी सेना अनि तिनका हतियारहरू जनशक्तिका अघि भुत्ते सावित भए । एक महिनाको भव्य जनसंघर्षले २३ वर्षसम्म निरंकुश शासन गरेका राष्ट्रपति जिन अल अविदिन अलीलाई ट्युनिसिया नै छोड्न बाध्य बनायो । उनी अरबमा शरण लिन पुगे । जनविद्रोहले निरंकुश शासन अलीलाई त लखेट्यो तर ट्युनिसियामा अहिले पनि राजनीतिक अस्थिरता कायम छ ।

जसरी ट्युनिसियाली जनताले निरंकुशता विरुद्ध र लोकतन्त्र बहालीका लागि उत्साहपूर्वक आन्दोलनमा भाग लिएका थिए अहिले त्यो उत्साह निराशामा परिणत भएको छ । राजनीतिक दलका नेताहरू देश र जनताप्रति जिम्मेवार देखिएनन् । दलीय स्वार्थ र सत्ता महत्वाकांक्षाभन्दा माथि उठ्न सकेनन् उनीहरू । ट्युनिसियामा अहिलेसम्म राजनीतिक संक्रमणकाल जारी छ । संक्रमणकाल अन्त्यहीन बन्दै जाँदा ट्युनिसियाको अर्थतन्त्र लगायत समग्र क्षेत्रमा समस्या उत्पन्न भएको छ । क्रान्तिपछि जुन लोकतान्त्रिक व्यवस्था सुशासन उत्पन्न र आर्थिक समृद्धिको जनताले कल्पना गरेका थिए त्यो पूरा हुन सकेन । दलहरूमा फराकिलो राजनीतिक संस्कार र विचारको कमी देखियो ।

ट्युनिसियामा अन्तरिम सरकारले जनक्रान्तिका उपलब्धिहरू संस्थागत गर्न सकेन । संक्रमणकालको अन्त्य र जनआन्दोलनका उपलब्धिहरूको रक्षा गर्न नयाँ संविधान निर्माण गर्न आवश्यक थियो तर अन्तरिम सरकारले संविधान निर्माणतर्फ कुनै पहलकदमी लिन सकेन । बल्लतल्ल ट्युनिसियाले नयाँ संविधान पायो । संविधान पाएपछि पनि ट्युनिसियामा राजनीतिक स्थिरता पूर्ण रुपमा कायम हुन सकेको छैन । ट्युनिसियाली जनताले गरेको संघर्षले निरंकुश नेतृत्वलाई पाखा लगाउन र नयाँ संविधान निर्माण गर्न सहयोग पुऱ्यायो । तर विकासका चरणहरूलाई पछ्याउन ट्युनिसियाले अझै सकेको छैन ।

साउदी अरबमा शरण लिन बसेका भगौडा राष्ट्रपति अली र उनको परिवारलाई स्वदेश फिर्ता गराएर कारबाही गर्न जनताले माग गरे पनि अन्तरिम सरकारले यो जनचाहनालाई पूरा गर्न गम्भीर्यता देखाएन । अली अरबमा ऐयासी जीवन बिताइरहेका छन् । उनीमाथि ५ अर्ब डलर भ्रष्टाचार गरेको अभियोग छ । अलीले भ्रष्टाचार गरेको राज्यकोषको रकम फिर्ता ल्याउन सरकारले पहल नगरेपछि जनतामा आक्रोश बढ्न थालेको छ ।

ट्युनिसियामा उठेको निरंकुशता विरुद्धको आन्दोलनको लहरले इजिप्टलाई पनि गाँजेर छोड्यो । राष्ट्रपति होस्नी मुबारकको निरंकुश र अधिनायकवादी शासनका विरुद्ध इजिप्टसियनहरू अरिंगालको गोलोझैं खनिए । आन्दोलनकारीहरूमाथि सरकारी दमन सुरु भयो । इजिप्टमा पनि आन्दोलनको अग्रपंक्तिमा युवाहरू नै देखिए । युवा आक्रोशलाई दमनले मत्थर पार्ने सरकारी योजना तासको महलजस्तै भताभुंग भयो । तीस वर्षसम्म अनवरत रुपमा एकछत्र शासन चलाएका राष्ट्रपति होस्नी मुवारकले सत्ताबाट बहिर्गमन हुनुपऱ्यो ।






सेनालाई सत्ता सुम्पिँदै उनले राष्ट्रपति निवास छोडे । आन्दोलनअघि इजिप्ट शान्त र समृद्ध राष्ट्र थियो । अरब जगतमा कुनै विवाद वा झगडा हुँदा इजिप्टलाई मध्यस्थताका लागि गुहारिन्थ्यो । तर इजिप्ट क्रान्तिपछि अहिले न शान्त छ न समृद्ध । क्रान्तिपछि इजिप्टमा निर्वाचन समेत भयो । मुस्लिम ब्रदरहुडका चर्चित नेता मोहम्मद मोर्सी राष्ट्रपति पदमा निर्वाचित भए । निर्वाचित राष्ट्रपतिलाई इजिप्टको शक्तिशाली सेनाले सत्ता सहज रुपमै हस्तान्तरण गऱ्यो । राष्ट्रपति मोर्सीले सेना र विपक्षी दलहरूको सल्लाहबिना नै विघटित संसदको पुनःस्थापनाको घोषणा गरे । यस घोषणासँगै सेना आक्रोशित भयो भने विपक्षीहरूले संसद बहिष्कार गरे । पुनःस्थापनाको मुद्दा न्यायालयमा थुरियो । न्यायालयले पनि आफ्नो भूमिका खोज्न थाल्यो । राजनीतिमा एकपटक आएर सत्ताको स्वाद लिइसकेको सेना पनि आफ्नो वर्चस्व गुमेकोमा हैरान थियो ।



मोर्सीले न्यायालय र सेना दुवैको असहयोगको सामना गर्नुपऱ्यो । राष्ट्रपति मोर्सीले पनि निरंकुश र अधिनायकवादी बाटो रोजेको इजिप्टबासीहरूले आरोप लगाए । संविधानलाई संशोधन गरी राष्ट्रपतिलाई अझ शक्तिशाली बनाउने उनले जमर्को गरेपछि उनी विरुद्ध नै जनता सडकमा उत्रिनु पऱ्यो । मोर्सी शासनकालमा मुस्लिम अतिवादीहरू सशक्त बन्ने खतरा उत्पन्न भयो । मुस्लिम अतिवादीहरू र सेनाको चपेटामा जनता परे । इजिप्टमा पछिल्लो समयमा जातीय दंगा भड्कियो । जातीय दंगा चर्किंदै गएपछि त्यहाँ संकटकाल लगाइयो । सेना फेरि ब्यारेक बाहिर आयो । सत्ताको मस्तीमा एकपटक रमाइसकेको सेना फेरि राजनीतिमा हावी भयो । राष्ट्रपति मोर्सी सेनाद्वारा कु गरिए । सेनाले शासनको बागडोर समात्यो । अहिले चुनावको नाटक गरेर सेनाका प्रमुख सीसी इजिप्टका राष्ट्रपति बनेका छन् । मोर्सीलाई जेल हालियो । उनी जेलबाट मुक्त गरिए पनि लामो समयसम्म जीवित रहन सकेनन् । प्रेसर सुगर लगायतका दीर्घ रोगहरूले गाँजेका मोर्सीको देहावसान भयो । यता ब्रदरहुडले भने मोर्सीलाई सेनाले लापर्बाहीपूर्ण तरिकाले हत्या गरेको आरोप लगायो । अहिले इजिप्टमा ब्रदरहुडको पकड कमजोर भएको छ र सेनाको निरंकुश शासनले वैधता पाइरहेको छ । व्यापारमा रमाएको इजिप्टको सेनाले अहिले सत्ता र व्यापार दुवैमा आफ्नो पकड कायम गरेको







छ । यस बीचमा ब्रदरहुडले सेनाका विरुद्ध सशक्त आन्दोलन गर्न सकेको छैन । सेनाको एकछत्र राज कायमै छ । इजिप्टबासीहरूले लोकतन्त्रको पुनर्वहालीको लागि गरेको जनआन्दोलन यसबेला निरर्थक प्रतीत भएको छ ।

अरब क्रान्ति गर्ने अर्को मुलुक हो लिबिया । २७ वर्षकै उमेरमा कर्णेल गद्दाफीले सैनिक विद्रोह गरेर सत्ता आफ्नो हातमा लिएका थिए । उनले ४२ वर्षसम्म निरंकुश शासन चलाए । राष्ट्रपति गद्दाफीको निरंकुश र अधिनायकवादी शासनका विरुद्ध लिबियाली जनताले विद्रोह सुरु गरे । हठी स्वभावका कर्णेल गद्दाफीले सहजै सत्ता छोड्न मानेनन् । उनकै हठका कारण लिबियामा विदेशी हस्तक्षेप हुन थाल्यो । विद्रोहीहरूलाई सघाउने नाममा पश्चिमा साम्राज्यवादी मुलुकहरूले लिबियामा सेना उतारे । यदि गद्दाफीले जनमागलाई बुझेर आफैं सत्ताबाट बहिर्गमन भइदिएका भए लिबियामा विदेशी हस्तक्षेप हुन पाउने थिएन ।

४२ वर्षे आफ्नो शासन कालमा गद्दाफीले लिबियालाई निर्धन मुलुकबाट समृद्ध मुलुक त बनाए तर जनतालाई दासका रुपमा कज्याएका थिए । अरब दुनियाँमा अमेरिका विरोधीका रुपमा चिनिएका गद्दाफीले लिबियाको कच्चातेल र ग्यासमा अमेरिकी बहुराष्ट्रिय कम्पनीहरूलाई हालीमुहाली गर्न दिएनन् । उनले लिबियाली जनतालाई धनी बनाए तर स्वतन्त्रता दिएनन् । जनता सुनको सिक्रीले बाँधिएर रहन किन चाहन्थे र ? लिबियाली जनताका नैसर्गिक र मौलिक हक समेत खोसेर नव तानाशाह बनेका गद्दाफी विरुद्ध उत्रन लिबियालीहरूलाई इजिप्ट आन्दोलनले प्रेरित गऱ्यो । सह जस्तै गद्दाफी शासनका विरुद्ध लिबियाली जनता सडकमा उत्रिए ।

अर्कोतर्फ विदेशी सेनाले पनि गद्दाफीलाई नै निशाना बनायो । आखिर गद्दाफीले राष्ट्रपति बन्नबाट भाग्नुपऱ्यो । हिमपाइपभित्र लुकेका गद्दाफीलाई आन्दोलनकारीहरूले फेला पारिछोडे । गोरु चुटाइ गरे उनीमाथि । तेजस्वी बलवान र अग्ला कदका गद्दाफी जनमुक्का सहन नसकी आँखा चिम्लिन पुगे । गद्दाफी युगको सदालाई अन्त्य भयो । भुस्याहा कुकुरकै मृत्यु वरण गरे उनले । समयमै सत्ता त्यागिदिएका भए वा निर्वासनतिर लागेका भए उनको त्यो दुर्गति सायद हुने थिएन ।

घमण्डी र हठी स्वभाव नै उनको मृत्युको कारण बन्यो । गद्दाफीको पतन पछाडि पनि लिबियामा लोकतन्त्र स्थापना हुन सकेन । सधैं निरंकुश शासनमा बिताएका त्यहाँका नेताहरूले लोकतन्त्रको अभ्यास गर्न अहिलेसम्म सकेका छैनन् । न त जनताले लोकतान्त्रिक शासनको अनुभूत गर्न पाएकै छन् । आन्दोलनका उपलब्धिहरू लथालिंग अवस्थामा छन् र लिबियामा विदेशी हस्तक्षेप हुन सक्ने सम्भावना बढ्दै गएको छ । लोकतन्त्रको न्यूनतम अभ्यास समेत गर्न नपाएका जनताका अघि लोकतन्त्र नै चुनौती बनेको छ । लोकतन्त्रलाई संस्थागत गर्न सक्ने नेतृत्वको विकास हुन नसकेकाले लिबियाली जनक्रान्तिको उपादेयतामाथि नै प्रश्न खडा भएको छ ।


अरब क्रान्ति गर्ने अर्को मुलुक यमनको पनि अवस्था नाजुक छ । यमनमा अली अब्ललाह सलेहले पनि विदेशी शक्तिलाई रिझाएर जनतामाथि निरंकुश शासन लादेका थिए । तीन दशकसम्म यमनी जनताले निरंकुश र अधिनायकवादी शासनको दुष्चक्र सहे । लिबियाली क्रान्तिले यमनी जनतालाई पनि निरंकुशताविरुद्ध जुर्मुराउन प्रेरित गऱ्यो । यमनी जनता जागे । राष्ट्रपति सलहे भागे । उनी अहिले अमेरिकामा निर्वासित जीवन बिताइरहेका छन् । जनविद्रोहले सलेह निरंकुश शासनलाई त ढाल्यो तर अहिले पनि त्यहाँ राजनीतिक स्थिरता कायम हुन सकेको छैन । जनक्रान्तिका उपलब्धिहरूलाई संस्थागत गर्न त परै जाओस् दलहरू सत्ताकै लुछाचुँडीमा छन् । जनता र यमनको सर्वोपरी ठानेर काम गर्ने नेताको खडेरी परेको छ त्यहाँ । अरब क्रान्तिबाट प्रभावित भएर आन्दोलनमा उत्रिएका सिरियाली क्रान्तिकारीहरूको आन्दोलन पनि समयसँगै शिथिल बन्दै जाँदैछ ।

सिरियामा अहिले पनि गृहयुद्ध जारी छ । पछिल्लो समयमा अमेरिकाले त्यहाँ बम बर्साउन थालेको छ । सिरियाकै कारण रुस र अमेरिकाको सम्बन्ध पनि सुमधुर बन्न सकेको छैन । राष्ट्रपति असादले आन्दोलनकारीहरूमाथि रासायनिक हमला गर्ने तयारी गरिरहेको भन्दै अमेरिकाले असद सत्तालाई च्युत गर्ने बताइरहेको छ । आधा दशकदेखि सिरिया अझै अशान्त छ । समृद्ध र ऐतिहासिक धरोहरको नमुना मानिने सिरिया अहिले खण्डहरमा परिणत हुँदैछ ।

**(एजेन्सीहरूको सहयोगमा)**

प्रेरक

## आइन्स्टाइनको पढाइ



जर्मन भौतिकशास्त्री अल्बर्ट आइन्स्टाइन जीवनभर अध्ययन, अध्यापन र अनुसन्धानमा सक्रिय रहे। उनी आफूलाई जहिल्यै विज्ञानका एक सामान्य विद्यार्थी ठान्थे। भौतिक शास्त्रमा जतिसुकै ठूला सफलता पाए पनि उनी जीवनमा आफूलाई अझै सिकारु विद्यार्थीकै कोटीमा राख्थे।

उनै आइन्स्टाइन एकपटक एउटा होटेलमा मध्याह्नतिर खाजा खान व्यस्त थिए। उनी एक्लै त्यहाँ पुगेका थिए। उनको सामुन्ने एउटा खाली कुर्सी थियो। केहीबेरमै एक युवती त्यहाँ आइपुगिन् र आइन्स्टाइनको अनुमति लिएर उनी त्यही खाली कुर्सीमा बसिन्। तर, उनले आइन्स्टाइनलाई भने चिनिनन्। युवतीले मगाएको खाजा आइपुगेको थिएन। त्यसैले उनले आइन्स्टाइनसित भलाकुसारी सुरु गरिन्। आइन्स्टाइनले पनि खाजाको स्वाद लिँदै उनका प्रश्नको जवाफ दिँदै गए। युवतीले आइन्स्टाइनलाई प्रश्न गरिन्- तपाईं के गर्दै हुनुहुन्छ आजकल ? आइन्स्टाइनले जवाफ दिए- म फिजिक्सको पढाइ गर्दैछु।

आइन्स्टाइनको जवाफ सुनेर युवती चकित परिन्। उनले आइन्स्टाइनको शिरदेखि पाउसम्म नियालिन् र आश्चर्यको भावसाथ प्रश्न गरिन्- बाफ रे बाफ ! कपाल फुलेर सेतै भइसक्यो, अनुहारमा चाउरी परिसक्यो, तैपनि तपाईं भर्खर फिजिक्सको अध्ययन गर्दै हुनुहुन्छ ? हेर्नुहोस्, मैले त गत वर्ष नै फिजिक्सको अध्ययन पूरा गरिसकेँ। तपाईंले कहिले आफ्नो अध्ययन पूरा गर्नुहुन्छ ? अनि यो उमेरमा आएर पढाइ सकेपछि तपाईं गर्नुहुन्छ चैं के ? आइन्स्टाइनले मन्द मुस्कानसाथ जवाफ दिए- हेर्दै जाऊँ, जे सकिएला, त्यही गर्नुपर्ला।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

विभिन्न अवसर प्राप्त भए पनि कामको मेसो नमिल्दा अलि पछि परिनेछ। अरूका लागि बुद्धि खर्चनुपर्ला। स्वास्थ्य कमजोर रहनेछ। समयको गतिलाई पछ्याउने प्रयास गर्नुहोला। सम्भावना देखिए पनि उपलब्धि हातपार्न बढी श्रम गर्नुपर्ला। कमजोर नतिजा सच्याउन काम दोहोर्याउनुपर्ला। अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ।

### वृष

छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ। अरूका लागि उपयोग भइनेछ र बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ। आवेशको व्यवहार र सानो असमझदारीले आफन्तजन टाढिन सक्छन्। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला।

### मिथुन

कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन्। अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। मिहिनेतले सफलताको उचाइमा पुर्याउनेछ।

### कर्कट

मिहिनेत परे पनि सोचेको नतिजा हातलागी नहुन सक्छ। आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। अध्ययनतर्फ धेरै समय जुट्न नसकिएला। समयमा वचन पुर्याउन नसक्ता आलोचित भइनेछ। द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ। वादविवादले पनि आँटेका काममा बाधा पुर्याउनेछ। छिद्र खोतल्नेहरूबाट भने सजग रहनुहोला।

### सिंह

बिछोडिएका परिवारजनसँग भेटघाट हुनाले दिन रमाइलो रहनेछ। नयाँ कामको प्रस्ताव आउनेछ। तर अवसरका साथ केही चुनौती पनि देखा पर्नेछन्। हठात् निर्णय गर्दा समस्या देखिन सक्छ। खानपान र भेटघाटमा सावधानी अपनाउनुहोला। अनावश्यक अलमलले चिताएका काममा बाधा पुग्नेछ। समस्या समाधान गर्न काम दोहोयाउनुपर्ने हुन सक्छ।

### कन्या

आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर हुने समय छ। पछिका लागि लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। यात्रा खर्चिलो र कष्टकर बन्न सक्छ। छिमेकमा असमझदारी बढ्नेछ, होसियारीसाथ काम लिनुहोला। भविष्यका लागि केही वस्तु त्याग्नुपर्ला। सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ।

### तुल

आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन्। चिताएका काममा अलि बाधा हुनसक्छ। समय लागे पनि मिहिनेत गर्दा काम बनाउन सकिनेछ। विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। तर समयमा सजग नहुँदा आफ्नो लाभांशबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। आम्दानी मनग्य भए पनि आकस्मिक खर्चले धन संग्रहमा बाधा पुग्नेछ।

### वृश्चिक

नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ। पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ। व्यवसायमा पनि फाइदै हुनेछ। कर्मयोगले मानसम्मान समेत दिलाउनेछ।

### धनु

चुनौतीभित्र अवसर खोज्ने समय छ। पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ। स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा विशेष ध्यान पुर्याउनुहोला। सामाजिक कामको जिम्मेवारी प्राप्त हुने समय छ। नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ने हुनसक्छ।

### मकर

परिस्थितिको चक्रमा अलमलिनुपर्दा काम बन्न समय लाग्नेछ। अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला। आकस्मिक समस्याले शरीरमा कमजोरी अनुभूति हुनेछ। चिताएको काम बिग्रनाले निराशा छाउनेछ। गोपनीयता बाहिरिनाले पनि समस्यामा परिनेछ। फजुल खर्च बढ्ने र लेनदेनमा पनि नोक्सान पुग्ने देखिन्छ।

### कुम्भ

मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ। अर्थअभावले सताउन सक्छ। लोकाचारका लागि भोगविलासका वस्तु जुटाउनुपर्ला। यात्राको प्रक्रियाले खर्च बढाउन सक्छ। आफन्तबीच आत्मीयतामा कमी आउने समय छ। वादविवादले घरगृहस्थीमा समस्या निम्त्याउन सक्छ। नयाँ परिवेशमा पुगिए पनि मनमा दुविधा कायम रहनेछ। काममा अधिक खर्च हुनेछ।

### मीन

चुनौती अँगाल्नु परे पनि आँटले लक्ष्यमा पुर्याउनेछ। इर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ। मिहिनेतले काममा सफलता दिलाउने छ। समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। रोग तथा शत्रुमाथि विजय प्राप्त हुनेछ। प्रतिस्पर्धाको दौडमा समेत जित हासिल हुनेछ।

# समाचार संक्षेप

## अवैध लागूऔषध सहित पक्राउ

काठमाडौं। सुनसरी, इटहरी उपमहानगरपलिका ६ खेतिखोला छेउबाट करिब २ ग्राम ८ सय ३० मिलीग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित सोही उपमहानगरपालिका(५ बस्ने २३ वर्षीय सुजन कार्की ढोलीलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। उक्त ठाउँमा लागूऔषध किनबेच गरेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय र सिआरभि बसपार्कबाट खटिएको प्रहरीले उनलाई जाँच गर्दा उक्त ब्राउनसुगर सहित फेला पारी पक्राउ गरेको हो।

## नदीमा डुबेर १० वर्षीय बालकको मृत्यु

रुपन्देही। कोटईमाई गाउँपालिका(२ गुलरिया बस्ने सुनिल कुमार हरिजनको १० वर्षीय छोरा अरुण हरिजनको नदीमा डुबेर मृत्यु भएको छ। सोही ठाउँस्थित दानव नदीमा पौडी खेल्ने क्रममा डुबेर उनको मृत्यु भएको बताइएको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। बर्दिया, गुलरिया नगरपालिका(८ पशुहाट बजार नजिकै भादा नदीमा बादबर्दिया नगरपालिका(१ बस्ने २२ वर्षीय बिनोद चौधरी सोमबार मृत अवस्थामा फेला परेका छन्। कास्की, माछापुच्छ्रे गाउँपालिका(६ कालिकाथान ओखलेको पधेरोस्थित खोंचमा सोही ठाउँ बस्ने २९ वर्षीय बृहस्पती भन्ने बिनोद अधिकारी सोमबार मृत अवस्थामा फेला परेका छन्। नवलपरासी(पूर्व), गैंडाकोट नगरपालिका(१ नारायणी नदी नजिकै खोल्सामा हाल नाम, थर, वतन, नखुलेकी महिला सोमबार मृत अवस्थामा फेला परेकी छन्। चितवन, भरतपुर महानगरपालिका(४ शिवघाटस्थित नारायणी नदी किनारमा हाल नाम, थर, वतन नखुलेका करिब ३२ वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन्।

झापा, कचनकवल गाउँपालिका १ घेराबारीस्थित अदुवा खोलाको किनारामा सोही ठाउँ बस्ने ५९ वर्षीय गोबिन्द लिम्बु मृत अवस्थामा फेला परेका छन्। आइतबार बिहान घरबाट गाईबस्तु सार्न उक्त खोलामा गएका उनलाई खोलाले बगाई बेपता भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी घेराबारीबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा खोला किनारमा सोमबार उनको शव फेला परेको हो।

## दुर्घटनामा परी पाँच जनाको मृत्यु

काठमाडौं। महोत्तरी, सुर्खेत, सुनसरी, कैलाली र सिन्धुलीमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी ५ जनाको मृत्यु भएको छ।

महोत्तरी, गौशाला नगरपालिका ९ महरापुलस्थित सडकमा ना.८ ख ५३९५ नम्बरको टिपरको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ४५ वर्षीया मोकिमा खातुनको सोमबार दिउँसो मृत्यु भएको छ।

सुर्खेत, वीरेन्द्रनगर नगरपालिका १४ दैलेख र सुर्खेतको सिमानास्थित राताना‍ङ्लामा ना.४ ख ७७५५ नम्बरको ट्रक अनियन्त्रित भई सडकदेखि करिब २ सय मिटर तल खसेर सोमबार दिउँसो दुर्घटना हुँदा ट्रक चालक चितवन खैरेनी नगरपालिका १२ बस्ने ३५ वर्षीय ईश्वर बर्तौलाको घटनास्थलमै मृत्यु भएको छ।

सुनसरी, दुहबी नगरपालिका(३ फुटानीचोकस्थित कोशी राजमार्गमा ज.१ च १९३२ नम्बरको एम्बुलेन्सको ठक्करबाट साइकलयात्री मोरङ सुन्दरहरैंचा नगरपालिका १२ बस्ने ४५ वर्षीय टिकाराम श्रेष्ठको मृत्यु भएको छ।

कैलाली, गौरीगंगा नगरपालिका(६ कटौतीस्थित पूर्वपश्चिम राजमार्गमा ०१००८ प ६७३६ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ६० वर्षीया कमला देवी रोकायाको मृत्यु भएको छ।

सिन्धुली, दुधौली नगरपालिका(७ सुगारेस्थित मदन भण्डारी राजमार्गमा लु.५८ प २६३८ अस्थाई नम्बरको मोटरसाइकल र एक साईकल एकआपसमा ठक्कर खाई सोमबार राति दुर्घटना हुँदा मोटरसाइकलमा सवार सुनसरी ईटहरी घर भएका २६ वर्षीय यादव ढुङ्गानाको मृत्यु भएको छ।

## ठक्करबाट चालकको मृत्यु

काठमाडौं। काठमाडौं महानगरपालिका ३२ तिनकुनेमा प्रदेश ३००३ क ४३६४ नम्बरको टिपरले बा.२९ प १४७९ नम्बरको मोटरसाइकललाई शुक्रबार राति ठक्कर दिंदा मोटरसाइकल चालक भक्तपुर घर भएका ५५ वर्षीय अनिल गौतमको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको सिभिल अस्पताल मिनभवनमा उपचारको क्रममा मृत्यु भएको हो। दुवै सवारी साधन र टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## मृत अवस्थामा फेला

भक्तपुर। मध्यपुर ठिमी नगरपालिका ९ निकोसेरा बस्ने ३६ वर्षीय सुदिप अधिकारी, उनकी श्रीमती ३४ वर्षीया सम्झना अधिकारी र १५ वर्षीय छोरा सुशान्त अधिकारी आफ्नै घरमा शुक्रबार मृत अवस्थामा फेला परेका छन्।

## करेन्ट लागेर मृत्यु

काठमाडौं। झापा, शिवसताक्षी नगरपालिका(८ फुलबारी चौक बस्ने ३५ वर्षीय महेन्द्र शेर्माको करेन्ट लागेर शुक्रबार मृत्यु भएको छ। घर छेउको पानीमा करेन्ट लगाई माछा मार्ने क्रममा करेन्ट लाग्दा गम्भीर घाइते भएका उनको लाईफलाईन अस्पताल दमकमा उपचारको क्रममा मृत्यु भएको हो।

उदयपुर, चौदण्डीगढी नगरपालिका(५ शिबाई बस्ने ६१ वर्षीया सिलमन्ती चौधरीको करेन्ट लागेर शुक्रबार मृत्यु भएको छ। घर नजिकैको कलमा पानी तान्नको लागि मोटरमा जडान गरिएको विजुली सर्ट भई करेन्ट लाग्दा उनको घटनास्थलमै मृत्यु भएको हो।

## डुबेर मृत्यु

काठमाडौं। सप्तरी, हनुमाननगर कंकालनी नगरपालिका(१४ रामपुर मल्हनिया टोल बस्ने समा मरिकको १८ महिनाको छोरा आकाश मरिकको आफ्नै घर अगाडि पानी जमेको खाल्टोमा डुबेर शुक्रबार मृत्यु भएको छ । रुपन्देही, मर्चवारी गाउँपालिका २ जोगियाबारीस्थित डण्डा खोलामा डुबेर सोही गाउँपालिका २ मुकुन्दगढ बस्ने ६५ वर्षीय ठागुर पासीको शनिबार मृत्यु भएको छ।

## पहिरोमा पुरिएर ५ वर्षीया बालिकाको मृत्यु

पर्वत। फलेबास नगरपालिका ४ सिर्सुवा बस्ने नवीन विश्वकर्माको घरको माथिबाट सोमबार बिहान आएको पहिरोमा पुरिएर उनकै छोरी ५ वर्षीया नीकिता विकको मृत्यु भएको छ।

## पहिरोमा पुरिएर मृत्यु

बाग्लुङ। जैमिनी नगरपालिका(१ टुनिबोट बस्ने मणिभद्र पाध्याको घर आइतबार बिहान पहिरो आई पुरिँदाउनकी श्रीमती ६५ वर्षीया लक्ष्मीदेवी पाध्याको मृत्यु भएको छ। लक्ष्मीदेवी पहिरोमा परि घरभित्र पुरिएकोभन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी कुश्मीसेराबाट खटीएको प्रहरीले स्थानीयको सहयोगमा लक्ष्मीदेवीको शव फेला परेको हो। साथै मणीभद्र पाध्या र छोरी देवी पाध्यालाई सकुशल उद्धार गरिएको छ। यसैगरी जैमिनीनगरपालिका(५बिनामारेबस्नेनिलकण्ठपौडेलकोघर आइतबार बिहान पहिरो आई पुरिँदा उनको आमा ७५ वर्षीया जाल्पादेवी पौडेलको मृत्यु भएको छ। जाल्पादेवी पहिरोमा परि घरभित्र पुरिएको भन्ने खबर प्राप्त हुनासाथ तत्काल खटिएको प्रहरीले उनको शव फेला पारेको हो।

## मृत अवस्थामा फेला

काठमाडौं। गोरखा, भिमसेन गाउँपालिका ८ बोर्लाङ बस्नेगोरे भन्ने ३३ वर्षीय उमेश परियार घरबाट ४ सय मिटर टाढा आइतबार मृत अवस्थामा फेला परेका छन्। शुक्रबारदेखि सम्पर्क विहिन भएका उनको खोजी गर्ने क्रममा शव फेला परेको हो। कैलाली,घोडाघोडी नगरपालिका ३स्थित बगुलिया तालमा सोही स्थान बस्ने ५० वर्षीय भोजडगौरा थारुआइतबार मृत अवस्थामा फेला परेका छन्। शनिबार घरबाट हिँडेकाथारु फर्की नआएपछि खोजी गर्ने क्रममा शव फेला परेको हो।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Compendium = सारांश तर सबै क्षेत्र ओगटेको This text serves as a compendium of vast materials developed in the field (यस क्षेत्रमा प्राप्त सबै गहन सूचनाहरू यस लेखमा संक्षेपमा समाहित गरिएका छन् )

Dilapidated = वेवास्ताको कारणले भत्किएको The renovation of this dilapidated building costs more than constructing a new one (भग्नावशेष भएको यो भवन जिर्णोद्धार गर्नु नयाँ भवन बनाउनुभन्दा महँगो पर्न सक्छ)

Erudite = विद्वान, विषयका ज्ञाता Most of his friends of the fields consider him erudite but he himself does not think so (सबैजसो उसका साथीहरूले उसलाई विषयको ज्ञाता माने तापनि ऊ आफूलाई त्यस्तो सोच्दैन)

Frugality = मितब्ययिता If you want to make your company productive, you have to follow the theory of frugality and functionality (यदि तिमी आफ्नो कम्पनीलाई उत्पादनशील बनाउन चाहन्छौं भने मितब्ययिता र क्रियाशिलताको सिद्धान्त लागू गर्नुपर्दछ)

Grueling = बेस्सरी थकाउने किसिमको People say that marathon is a grueling race (मानिसहरू लामो दूरीको दौडलाई बेस्सरी थकाउने किसिमको दौडाइ ठान्छन्)

Humdrum= एकांकीपन For avoiding the humdrum of life, he does trekking and passes days with nature (एकाकीपनाबाट आफूलाई मुक्त पार्न ऊ ट्रेकिङ गर्दछ र आफ्ना दिनहरू प्रकृतिसँग बिताउने गर्दछ)

Impolitic = तर्कसंगत नहुनु To raise such issue in such a gathering can be impolitic (यस्तो भेलामा यस्तो कुरा उठाउनु तर्कसंगत नहुन सक्छ)

Jolity = आनन्द The festival should be as such where both young and old can join in general jollity (चाडवाड भनेको यस्तो हुनु पर्दछ जहाँ तन्नेरी र बुढा दुवैले आनन्द लिन सकून्)

Kip = निदाउनु, सुत्नु During summer kipping outside is possible because inside is very hot (गर्मी महिनामा बाहिर सुत्न सकिन्छ किनकि भित्र गर्मी हुन्छ)

Lurid = रंगिन बहुरंगी During sunset the sky becomes very much lurid (सूर्यास्तमा आकास ज्यादै रंगीन हुन्छ)

## Do बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Do somebody out of something = कसैलाई केही गर्नबाट रोक्नु। वञ्चित गर्नु She was done out of her promotion तिनलाई बढुवा गर्नबाट रोकिएको थियो)

Do somebody over = आक्रमण गर्नु वा पिट्नु He was done over by a group of thugs ठगहरूको एक जमातद्वारा ऊ पिटियो।

Do something over = केही चिज सफा गर्नु। सिंगार्नु The painting needs doing over पेन्टिङहरू सफा गर्नु जरुरी छ (रंग उडिसक्यो)।

Do something to somebody = कसैलाई केही गरिदिनु Can Yo do a favor to me मलाई यस्सो केही सहयोग गर्न सक्छौ कि ?

Do something to something = केही कुरालाई केही गर्नु You must have done something wrong to TV set because it was functioning well तिमीले टिभिसेटलाई केही न केही गरेको हुनुपर्छ किनकी यो राम्रै चालु थियो।

Do up = फसनर लगाउनु। This skirt does up at the back। यो स्कर्टको फसनर पछाडिपट्टि छ।

Do oneself up = सिंगारपटार गर्नु She never does herself up तिनी कहिले सिंगारपटार गर्दिनन्।

Do something up = टाँक लगाउनु These children never do button up यी बच्चाहरू कहिले टाँक लगाउँदैनन्।

Do with something = ले गर्नु You can do well with these tools तिमी यी औजारहरू चलाई राम्रै काम गर्न सक्छौ।

Do something with something = केहीलाई केही गर्नु। चलाउनु Do well please with my laptop मेरो ल्यापटप राम्ररी चलाउनु नि।

### सुडोकु-अंक १९७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ९ | १ | ६ | | | | | |
| | | ७ | ५ | | ८ | | | |
| ५ | | | | | | | | |
| | | ६ | | ७ | | | ९ | २ |
| | १ | | | | | | | |
| ९ | ८ | | | ५ | | ३ | | |
| | | | | | | | | ६ |
| ८ | | | १ | | ९ | ५ | | |
| | | | | | २ | ७ | ३ | |

### अंक १९६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ३ | १ | २ | ९ | ८ | ४ | ६ | ५ |
| ५ | ६ | ८ | ७ | ३ | ४ | २ | १ | ९ |
| ४ | २ | ९ | ५ | ६ | १ | ३ | ८ | ७ |
| ९ | ५ | २ | ४ | ७ | ६ | १ | ३ | ८ |
| १ | ७ | ३ | ९ | ८ | २ | ५ | ४ | ६ |
| ६ | ८ | ४ | ३ | १ | ५ | ९ | ७ | २ |
| २ | ९ | ७ | ६ | ४ | ३ | ८ | ५ | १ |
| ३ | १ | ५ | ८ | २ | ७ | ६ | ९ | ४ |
| ८ | ४ | ६ | १ | ५ | ९ | ७ | २ | ३ |

# Kim Jong Un : Attractive Leader











Many people around the world are unstinting in their praise of Kim Jong Un, Chairman of the State Affairs Commission of the Democratic People's Republic of Korea, calling him a man to whom everyone cannot but be attracted.

Beloved Leader of the People

The Korean people call him "our leader" and "beloved leader of the people."

Wherever he goes, they greet him with thunderous applause and feel honoured by his visit.

Their respect for him is basedon his noble personality and benevolent politics for the people.

His political activities are always related to the people and consist of important undertakings geared to realizing their hope and desire.

Make selfless, devoted efforts for the good of the people! Give top and absolute priority to the interests of the people!

These catch-phrases of his are permeated with his boundless love and affection for the people.

He regards himself as a servant of the people.

The photos he has taken with the people are quite illustrative.

He had photos taken with the people even in a storehouse filled with fishy smell or on a heap of potatoes and with kindergarteners on his both sides. Such photos cannot be found in the albums of heads of state of other countries.

Witnessing the thunderous cheers of the Korean people for their leader, many foreign visitors said that they wondered whether they were in heaven or on the earth.

Leader in World Spotlight

In the bedlam caused by COVID-19 which rapidly spreads over the world in 2020, Kim Jong Un is back in the spotlight.

In late January, Kim Jong Un, with a keen insight into the serious consequences of the spread of COVID-19, saw to it that decisive, preemptive and comprehensive anti-epidemic emergency measures were taken throughout the country.

It was before the WHO declared the international emergency state due to COVID-19. In this situation, the DPRK set the national anti-epidemic emergency system in motion ahead of the other countries and started a strong nationwide anti-epidemic combat against COVID-19. The far-sightedness and outstanding leadership of Kim Jong Un further attracted the worldwide attention.

Laudable Traits of the Young People in the DPRK

A Chinese newspaper carried an article headlined "A missing hand bag of a Chinese businesswoman was returned by the help of a Korean girl," introducing Ri Chun Hwa, receptionist at a hotel in Rason in the northern part of Korea, who gave back to its owner a hand bag she had picked up by chance. It contained a large amount of money, passport and documents.

Similar laudable young people can be found anywhere in the DPRK.

Asimilar thing happened to a businessman of YanbianQinglin Trade Company, China. The hero was RiMyongRyul, a worker at the Rason Youth Power Station. The Chinese businessman said about his impression as following:

I cannot but admire the Korean young people for their noble and sound spiritual world. When I lost my walletcontaining a large sum of money, I was despondent to think it was impossible to get it back. However, a Korean young manrestored it forme. Quite admirable is the spiritual world of the Korean young people who have no greed on money.

The spiritual world of the Korean young people is truly ennobling.

As it has such laudable young people, the future of Korea is bright.

## युपिएफको अन्तर्राष्ट्रिय सम्मेलनले विश्वमा आशा जगायो

काठमाण्डौ । एशिया प्याशिफिक यूनियन'स्थापनामा जोड दिदै तीन दिने अन्तर्राष्ट्रिय नेतृत्व सम्मेलन सकिएको छ । यही भाद्र २६ देखी २८ सम्म सम्म भर्चुयल सम्मेलनलाई एशिया प्रशान्त क्षेत्रका ८१ वटा देशहरूबाट १० हजार भन्दा बढी प्रत्यक्ष रुपमा सहभागिता जनाएका थिए । विश्वव्यापी संकटको समयको आशा र अवसर: अन्तरनिर्भरता, पारस्परिक समृद्धि र विश्वव्यापी साझा मूल्यमान्यता बिषयमा भएको छलफलमा राष्ट्रप्रमुखहरू, सांसदहरू, अन्तरधार्मिक नेतृत्वहरू, महिला नेतृत्वहरू, आमसंचार, शिक्षाविद्हरू, व्यवसायीक नेतृत्वकर्ताहरू, र युवा तथा विद्यार्थी नेतृत्वहरूको सत्र गरी सम्मेलनलाई आठ क्षेत्रहरूमा विभाजित गरि छलफल गरिएको थियो ।

बिश्वब्यापी महामरीको रुपमा रहेको कोभिड १९ प्राण घातक र विश्व विनाशकारी सिद्ध भइसकेको छ, तथापी भ्रम र अराजकताको अन्धकारका बीचमा पनि विश्वको चारै तिर झेलिएको आशाको दीयो देखिएको छ । अन्तर्राष्ट्रिय नेतृत्व सम्मेलनमा सहभागि बक्ताहरूले यो भ्रमपूर्ण अवस्था र अन्धकारका बिचमा भोलिको उज्यालोको झलक पाए र संकट अवसरमा परिणत हुँदै गरेको र निराशा आशामा रुपान्तरित हुँदै गरेको बताएका थिए ।

सम्मेलनको आयोजना राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषदको महापरामर्सदाताको हैसियत प्राप्त अन्तर्राष्ट्रिय संस्था युनिभर्सल पीस फेडेरेसन (यूपीएफ) ले प्रायोजन गरेको थियो । सम्मेलनको प्रभाव संसारको हरेक कुनामा महसुस गरिएको थियो । सम्मेलन अमेरिका, यूरोप अफ्रिका र मध्यपूर्व तथा एशिया प्रशान्त क्षेत्र गरी तीन अध्यायहरूमा समानान्तर रुपमा संचालन गरिएको थियो ।

नेपालका लागि भारतीय पूर्व राजदूत के भी राजनले सम्मेलनका बारे टिप्पणी गर्दै भने "साँच्चिकै रमाईलो र उत्थानदायी अनुभव" भने । उनले यो पनि थपेका थिए "सम्भवत: यूपीएफ आफ्नै इच्छा, दृष्टिकोण भएको एउटै यस्तो गैरसरकारी संस्था हो जसले सरकार र संयुक्त राष्ट्र संघ जस्ता अन्तर्राष्ट्रिय निकायलाई विश्वभरिका मानव गतिविधिहरूका व्यापक वर्णपटमा आधारित भएर विविध चुनौतीहरूको सामना गर्न सहयोग पुर्‍याउँन सक्ने साधन र संस्थागत आधार छ । सम्मेलनको उद्घाटन सत्र कि प्रमुख वक्ता तथा यूपीएफ कोरियाकि अध्यक्ष प्रा. योन् अह मुनले एशिया प्रशान्त युनियन स्थापनाको महत्वका बारेमा प्रकाश पारेकी थिइन् । स्मरण रहोस् यो सन् २०१९ को अक्टोबर महिनामा जापानको नागोयामा यूनिभर्सल पीस फेडेरेसनको स्थापना सन् २००५ सेप्टेम्बर १२ मा अमेरिकाको न्यूयोर्क स्थित प्रसिद्ध लिङ्कन सेन्टरमा आयोजित भव्य समारोहका बिच गरिएको थियो । स्वर्गीय डा. सन म्योङ्ग मुन तथा उहाँकी धर्मपत्नी डा. हाक जा हान मुनले विश्वशान्ति स्थापनाको कार्यलाई बढावा दिने संयुक्त राष्ट्रसंघीय कार्यलाई निजी क्षेत्रबाट सहयोग पुर्याउनका लागि यसको स्थापना गर्नुभएको थियो । यूनिभर्सल पीस फेडेरेसनको स्थापनाको १५ औं बार्षिक उत्सवको साथै संयुक्त राष्ट्रसंघको स्थापनाको ७५ औं बार्षिक उत्सवको उपलक्ष्यमा सो सम्मेलन गरिएको थियो ।

आयोजित जापान शिखर सम्मेलनमा युपीएफ कि सह संस्थापिका डा. हाक जा हान मुनद्वारा प्रस्तावित पहल थियो, जसलाई त्यसको एक महिनापछि सन् २०१९ को नोभेम्बर महिनामा कम्बोडियाको नोम्पेहमा आयोजित एशिया प्रशान्त सम्मेलनमा प्रधानमन्त्री हुन सेनले समर्थन गरेका थिए भने सन् २०२० अगष्ट ९ मा आयोजित र्याली अफ होम कार्यक्रममा लाखौंको विश्वव्यापी दर्शकहरूको अगाडि संयुक्त राष्ट्रसंघका पूर्व महासचिव वान कि मुनले अनुमोदन गरेका थिए ।

प्रा. डा. मुनले उल्लेख गरेकि थिइन् आन्ध्र महासागरीय सभ्यता भनेको क्रिश्चियन जगको कारण फस्टाएको थियो र यो "अरूबाट लिने र विजयी हुने संस्कृति बन्न पुग्यो, जसका कारण यसले सबै गुमायो । मुनले भनिन् 'एशिया प्रशान्त सभ्यता बढी आध्यात्मिक र परोपकारी छ यो कम व्यक्तिवादी छ' । प्रा. मुनले जोड दिइन् कि 'एशिया प्रशान्त संघ सन्तानोचित धमर्परायणता, परिवार र विश्वास जस्ता एशिया(प्रशान्त क्षेत्रको साझा सांस्कृतिक मूल्यमान्यतामा आधारित छ ।'

यूनिभर्सल पीस फेडेरेसनको स्थापना सन् २००५ सेप्टेम्बर १२ मा अमेरिकाको न्यूयोर्क स्थित प्रसिद्ध लिङ्कन सेन्टरमा आयोजित भव्य समारोहका बिच गरिएको थियो । स्वर्गीय डा. सन म्योङ्ग मुन तथा उहाँकी धर्मपत्नी डा. हाक जा हान मुनले विश्वशान्ति स्थापनाको कार्यलाई बढावा दिने संयुक्त राष्ट्रसंघीय कार्यलाई निजी क्षेत्रबाट सहयोग पुर्याउनका लागि यसको स्थापना गर्नुभएको थियो ।

कोभिड १९ र बन्दाबन्दीका कारण
बढ्दो आत्महत्या न्यूनीकरणका लागि
निम्नानुसार गरौं

- सेवा प्रवाहमा विभेद नगरौं ।
- पहुँचवालाको काम तत्काल हुने र पहुँच नहुनेको कामको लागि निरन्तर धाउनुको विकल्प नहुनुको संस्कृति तत्काल हटाऔं ।
- गैह्रकानूनी लाभका लागि जस्तोसुकै कार्य गर्ने प्रवृत्तिले ल्याएको सामाजिक विचलनलाई परास्त गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

वर्ष ९ अंक ६, २०७७ साल असोज २ गते शुक्रबार

## कालापानीमा...

उठाएनन्, तिनका उत्तराधिकारी सुपुत्र राजा वीरेन्द्रले पनि भारतलाई सेना फिर्ता गर्न अनुरोध र आग्रहको अभिलेख पनि भेटिँदैन । त्यसपछिका दिनहरूमा पनि नेपाल सरकारका तर्फबाट भारतलाई नेपाली भूभाग अतिक्रमण गरेर बसेका भारतीय सेनालाई दरिलो किसिमबाट फिर्ता गर्न गरेको अनुरोधका प्रमाणहरू कतै पाइँदैन । राष्ट्रको ३९५ वर्गकिलोमिटर भूभाग भारतीय सेनाले ओगटेको विषयलाई नेपालका सबै सरकारहरूले उपेक्षा गरिरहे । विगतका ७ दशकका अवधिमा यो भूभाग यति धेरै उपेक्षित रह्यो कि नेपालको संविधान २०७२ देखि अन्य नेपाली भौगोलिक नक्साहरूमा यो भूभागलाई समावेश नै गरिएन । तर जब भारतले कालापानी क्षेत्रलाई आफ्नो सार्वभौमिकताभित्र राख्यो तब मात्र नेपाल झस्कियो । नक्साका विरुद्ध नक्साले अन्ततः नेपालले जवाफ दियो । तर कालापानी क्षेत्रको भारतीय भोगचलन अन्त्य गर्न सरकार सक्रिय कूटनीतिबाट विमुख रहिरहेको अवस्था छ अहिले ।

नेपाल भारतभन्दा ९२ गुणा र चीनभन्दा ६८ गुणा सानो छ भौगोलिक रुपमा । तर नेपालको भौगोलिक अवस्थिति अत्यन्त महत्वपूर्ण रहेको छ । चीन र भारतका बीचमा रहेका कारण परमाणु शक्ति सम्पन्न यी दुई देशबीच युद्ध भएमा नेपाल रणनीतिक रुपले महत्वपूर्ण मानिने छ । नेपालको भौगोलिक अवस्थितिलाई चीन भारत दुवैले अत्यन्त महत्व दिएका छन् । चीन नेपाललाई आफ्नो स्वशासित क्षेत्र तिब्बतको रक्षाकवचका रुपमा लिन्छ भने भारत सुरक्षा र आतंकवादका दृष्टिले नेपाललाई महत्वका साथ हेर्ने गर्छ । सुदूर पश्चिमको कालापानी क्षेत्र भारतका लागि झन् महत्वपूर्ण छ । १ अरब ३० करोड भारतीयमध्ये ८० प्रतिशत हिन्दुहरू छन् । भारतमा अतिहिन्दुवादी भाजपाको सरकार छ । भारतले धार्चुला लिपुलेक मोटरबाटो बनाएर हिन्दू भारतीयहरूका लागि मानसरोवरको दर्शनलाई सहज बनाएको छ । कैलाश मानसरोवर देवादिदेव महादेवको बसोबास रहेको पुण्यभूमि मानिन्छ । हिमालयपुत्री पार्वतीलाई विवाह गरेर भगवान शिवले कैलाश पर्वत क्षेत्रमा भित्र्याएको शिवपुराणहरूमा उल्लेख छ । कैलाशमा बसोबास गर्ने भएकाले शिवलाई शैलेश्वर र पार्वतीलाई शैलेश्वरीका रुपमा चिनिन्छ । मानसरोवरको दर्शन गरी पुण्य आर्जन गर्न चाहने हिन्दुहरूका लागि लिपुलेक पदमार्ग धार्मिक पर्यटनका लागि उपयुक्त भएकैले भारतले सो नेपाली भूमिमाथि हस्तक्षेप गरेको हो । सन् २०१५ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले चीन भ्रमण गर्दा १६ मेमा प्रकाशित संयुक्त विज्ञप्तिमा लिपुलेक भन्ज्याङलाई भारत र चीनले अन्तरदेशीय सीमा व्यापारको नाकाको रुपमा विकसित गर्ने कुरा २८ नं. बुँदामा उल्लेख गरियो । नेपालको सार्वभौमिकतामाथि धावा बोल्दै भारतले चीनको समर्थन खोजेको यो प्रकरणले प्रस्ट पार्छ ।

नेपाल र तत्कालीन ब्रिटिस इन्डियाबीच सन् १८१६ मा भएको सुगौली सन्धिको धारा ५ अनुसार कालीनदी नै नेपालको पश्चिमी सीमाको रुपमा निर्धारित भएको छ । लिप्पियाधुराबाट उत्पन्न कालीनदी सीमा भएकाले त्यसको निकै पूर्वतिर पर्ने लिपुलेक स्वतः नेपालको भूभाग हो । सुगौली सन्धि लगत्तै लण्डनबाट प्रकाशित इम्पुम्ड म्याप अफ इन्डिया शीर्षकको २ जनवरी १८१६ को लिम्पियाधुरा नजिकबाट झरेको नदीलाई कालीनदी लेखिएको छ ।

यस्तै स्केच अफ कुमाउँ शीर्षकको १८१९ मा सर्वेयर क्याप्टेन एचएस बेलले तयार गरेको सर्वे अफ इन्डियाले छापेको नक्सामा लिम्पिया धुराबाट निस्केको नदीलाई कालीनदी लेखिएको छ । युएस आर्मीले वाशिंगटनबाट १९५४ मा निकालेको नन्दादेवी मानसरोवर शीर्षकको नक्सामा लिम्पियाधुराबाट निस्केको नदीलाई कुटीयाङ्दी लेखिएको छ । कुटियाङ्दी भनेकै कालीनदी हो । १९६७ मा सोभियत संघबाट प्रकाशित वर्ल्ड एटलस द्वितीय संस्करणमा लिम्पियाधुराबाट उद्गम नदीलाई कालीनदी लेखिएको छ । भारत, बेलायत, अमेरिका र रुस लगायतका अन्तर्राष्ट्रिय नक्सालाई आधार मान्दा कालीनदी नै नेपाल भारत बीचको सीमा नदी हो ।

## बिमाले...

सर्वसाधारण विमित नागरिकलाई धोका दिने काम गरेको छ । अहिले आएर १ लाखको पोलिसी बेचे पनि होम आइसोलेसनमा रहेका संक्रमितलाई रु. २५ हजार मात्र र अस्पताल भर्ना भएर उपचार गराउनेलाई औषधिको बिल अनुसार ७५ हजारसम्म भुक्तानी दिने मापदण्ड बनाइएको छ । बिमा कम्पनीहरू र बिमा समितको मिलेमतोमा गरिएको संशोधनमा कम्पनीले लिने बिमा शुल्क भने घटाइएको छैन । कोरोना बिमामा बिमा कम्पनीले गरेको जालझेलको असरले बिमाको बजार प्रभावित हुने देखिन्छ बिमाप्रतिको जनविश्वासमा ह्रास आउने निश्चित छ ।

## लामो दूरी...

प्रदिप ज्ञवालीले जानकारी दिए । हवाई सेवामा सिट क्षमताको आधा मात्र यात्रु राख्न पाउनेछन् । यात्रुहरूले मास्क, सेनिटाइजर अनिवार्य लगाउनुपर्ने भएको छ ।

सुरक्षाको मापदण्डहरू पूरा गरेर मात्र सार्वजानिक यातायात सञ्चालन गर्न पाउने व्यवस्था सरकारले गरेको छ । यातायात व्यवसायीहरूले सिट क्षमताभन्दा आधा मात्र यात्रु राख्नुपर्ने भएकाले सो घाटा पूर्तिका लागि ५० प्रतिशत भाडा बढाएर लिन सक्ने व्यवस्था सरकारले मिलाएको छ । यस्तै होटल, रेष्टुरेन्टहरू सबै प्रकारका पसल, व्यवसाय खोल्न पनि अब कुनै बन्देज नरहने भएको छ ।

## ओलीलाई...

उपत्यका तथा मुलुकका विभिन्न ठाउँमा समर्थकहरूले प्रदर्शन गरेका छन् । काठमाडौंको माइतीघर र आसपासमा भएको प्रदर्शनमा प्रहरीले निर्ममतापूर्वक दमन गरेको छ । प्रदर्शनको अगुवाई गर्ने पुण्य गौतम, पुण्य प्रसाईं, हेम बस्नेत लगायतका व्यक्तिहरू कुटिएका छन् । घिसिङको समर्थनमा विभिन्न पार्टीका नेताहरूले समेत वक्तव्य निकालेका छन् । उता केपी ओलीको टिम घिसिङलाई कुनै हालतमा नल्याउने बरु खुला प्रतिस्पर्धाका नाटक मञ्चन गरेर प्राधिकरणकै हितेन्द्र शाक्यलाई कार्यकारी प्रमुख बनाउने तयारीमा लागेको समाचार चर्चामा आएको छ । प्रधानमन्त्रीले आफ्ना विश्वासपात्र युवराज खतिवडालाई विशेष आर्थिक सल्लाकारमा भने तत्काल नियुक्ति दिलाएका छन् ।

खतिवडा पटक पटक लाभको पद लिने व्यक्तिमा पर्छन् । खतिवडालाई राष्ट्रिय योजना आयोगको उपाध्यक्ष, नेपाल राष्ट्र बैंकको गभर्नर, अर्थमन्त्री जस्ता आकर्षक पदमा पुऱ्याउन केपीले नै भूमिका खेल्दै आएका थिए । उता ईश्वर पोखरेलका सम्धी उपेन्द्र कोइराला पनि पटक पटक आकर्षक ठाउँमा नियुक्ति पाउनेमा पर्छन् । उनलाई हालै वाणिज्य बैंकमा गरेको नियुक्ति पनि विवादमा परेको छ । ओली राजमा कुलमान घिसिङ जस्ता इमानदार र दक्ष व्यक्ति पाखा लगाइनु अनौठो होइन ।

## नयाँ नक्सा...

कालापानी क्षेत्रको ८१.३२ वर्गकिलोमिटर र लिम्पियाधुरासम्मको करिब ४६०.२९ वर्गकिलोमिटर गरी जम्मा ५४१.६ अर्थात् करिब ५४२ वर्गकिलोमिटर क्षेत्र भारतद्वारा अतिक्रमित रहेको छ ।

नक्सा प्रकाशित गर्ने आधिकारिक निकाय नापी विभाग हो । नापी विभागले कुल क्षेत्रफल जस्तो संवेदनशीलि विषयमा अहिलेसम्म घोषणा गरेको छैन । सीमा बचाऔं अभियानका सदस्य कोमलचन्द्र बराल, भूगोलविद एवं कार्टोग्राफर शेरबहादुर गुरुङ र भूगोलविद् केशवराज ढकालसहितको कार्यदलबाट र संयोजनमा केन्द्रका निर्देशक प्रेम भट्टराईले पुस्तक लेखेका हुन् । नापी विभागले क्षेत्रफल घोषणा नै नगरी पाठ्यपुस्तकमा क्षेत्रफल लेखिनुले भारतसँगको कूटनीतिक पहलमा यसले असर पुऱ्याउने समेत भन्न थालिएको छ । त्यसो त पाकिस्तानले पनि आफूले जारी गरेको नयाँ नक्सालाई त्यहाँको पाठ्यक्रममा समावेश गर्ने तयारी गरिरहेको बताइन्छ । उसले भारत अधिनस्थ कस्मिर र गुजरातको गुनारगठलाई समेत नयाँ नक्सामा समावेश गरेको छ ।

भारतले २ नोभेम्बर २०१९ मा एकतर्फी रुपमा जारी गरेको नक्सामा लिपुलेक, कालापानी, लिम्पियाधुरा सहितको नेपाली भूभागलाई आफ्नो देखाएको थियो । त्यसको ६ महिनापछि नेपाली भूभाग हुँदै लिपुलेकसम्मको सडकमार्ग उद्घाटन गरेको थियो । दुवै कार्यमा नेपालले आपत्ति जनाएको थियो । पुस्तकले राष्ट्र राष्ट्रियता र भौगोलिक अखण्डताको संरक्षणका लागि विद्यार्थीका साथै आम जनसमुदायमा सचेतता र संवेदनशीलताको विकास हुने बताइएको छ । पुस्तकमा कालापानी लिम्पियाधुरा र लिपुलेक लगायत भूमिमा भारतले गरेको अतिक्रमण र यससँग सम्बन्धित ऐतिहासिक तथा अन्तर्राष्ट्रिय मान्यता अनुरुपका तथ्य र प्रमाण राखिएका छन् । अतिक्रमित भूमिबाट भारतीय सेना हट्नुपर्नेमा जोड दिइएको छ ।

# जीवनोपयोगी सीप विकासमा शिक्षक र शिक्षण संस्था



डा. दुर्गाप्रसाद दाहाल

शिक्षा मानव जीवनलाई सार्थक बनाउने माध्यम हो । यस मान्यतालाई आत्मसात् गर्दै मानिसका बाल्यावस्था, किशोरावस्था एवम् युवावस्थाका निम्ति प्राथमिक, माध्यमिक तथा उच्च शिक्षाको व्यवस्था गरिएको छ । शिक्षाद्वारा प्रत्येक नागरिकमा ज्ञान मात्र होइन एउटा कुशल नागरिकका रूपमा उत्तरदायित्वको बोध गराइन्छ । शिक्षाको माध्यमले देशको सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक, ऐतिहासिक आदि वस्तुस्थितिको अध्ययन मात्र गरिँदैन, त्यसका साथसाथै शिक्षाको माध्यमबाट नयाँनयाँ वैज्ञानिक आविष्कारको जानकारी एवम् खोज अनुसन्धेय मार्गनिर्देश वा जिज्ञासासमेत प्राप्त हुन्छ । यति हुँदाहुँदै पनि शिक्षण प्रक्रिया भन्नाले आम मानिसले विषयगत शिक्षण प्रक्रियालाई मात्र सम्झन्छन् । त्यसैले शिक्षण प्रक्रियाप्रतिको आम मानिसको धारणा यान्त्रिक प्रकृतिको देखिन्छ । आम मानिसहरूले शिक्षण प्रक्रिया भन्नासाथ विषयगत शिक्षणको बुझाइमा सीमित रहेको देखिन्छ । पाठ्यक्रमद्वारा निर्धारित भईव्यावहारिक रूपमा उतार्नुपर्ने सीपहरूलाई जति महत्त्व दिनुपर्ने हो आज पाठ्यक्रम कार्यान्वयनका क्षेत्रमा अग्रसर सरोकारवाला व्यक्ति र निकायले त्यति महत्त्व दिन सकेको देखिँदैन । शिक्षाको मूल उद्देश्यसँग जोडिएका कतिपय विषयहरूको मर्मलाई कार्यान्वयनको तहमा पुऱ्याउन सकिएको छैन । यस्ता विषयहरू सरोकारवाला व्यक्ति र संस्थाहरूले ठम्याउन नसकेर तिनीहरूलाई शिक्षाको मूलधारमा समेट्न सकिएको छैन । पाठ्यक्रममा सूचनापरक ज्ञानहरूको साथै अभिवृत्तिहरू, मूल्यहरू, दक्षताहरू, सीपहरू आदिको विकास पनि अपेक्षित हुन्छन् । यिनीहरू पनि हाम्रो साध्य हुनुपर्ने हो जसको प्राप्ति सूचनापरक जानकारी र ज्ञानद्वारा मात्र सम्भव हुँदैन । सूचनापरक जानकारीले साधनको कार्य गर्नुपर्छ । दक्षता, सीप, मूल्य आदिको विकास हाम्रो पाठ्यक्रमको साध्य हुनुपर्छ भन्ने मान्यताबाट अघि बढ्नु आजको आवश्यकता हो तर आज हामी बिस्तारै जीवनोपयोगी सीपलाई कुनै विषयगत सीपका रूपमा उभ्याउन अग्रसर हुँदै गएका त छैनौं आम सरोकारवालाहरू यसतर्फ गम्भीर बन्न आवश्यक छ । यसलाई साधन वा गौण ठान्ने हाम्रो परम्परामुखी प्रवृत्तिमा सुधारको टडकारो आवश्यकता छ । जीवनोपयोगी सीपविकास कुनै खास विषयबाट प्रदान गर्ने सोचबाट यसको यथार्थ पर्गेल्न सकिन्न । यो कुनै एउटा विषयमा केन्द्रित हुँदैन बरू यो प्रत्येक विषयसँग अन्तर्घुलन भएको देखिन्छ अर्थात् जीवनोपयोगी सीपको विकासका लागि प्रत्येक विषयसँग जोडिएका सीप विकास गर्न आवश्यक देखिन्छ । यसका लागि सबै विषयका पाठ्य सामग्रीमा निहित मूल्यहरू, आदतहरू, अभिवृद्धिका लागि समुचित विकास गर्नुपर्छ । यसले सबै विद्यार्थीहरूमा अर्न्तनिहित क्षमताहरूभित्र स्वतन्त्रता, लोकतन्त्र एवम् युगसापेक्ष जीवन मूल्यलाई सुदृढ गर्ने परम्परा स्थापित गर्दछ ।

### जीवनोपयोगी सीपको अर्थ र विद्यार्थीमा अपेक्षित जीवनोपयोगी सीपका प्रमुख प्रकार

एक्काइसौँ शताब्दीको वर्तमान युग प्रतिस्पर्धाको युग हो । प्रत्येक व्यक्तिमा समान किसिमको योग्यता सम्भव छैन । योग्यताका आधारमा नै एक व्यक्तिलाई अर्को व्यक्तिबाट भिन्न देखाउन सकिन्छ । यो सीप गुणवत्ता, प्रेरणा, उत्साह एवम् नेतृत्व क्षमता नै हो । कुनै पनि व्यक्तिको व्यक्तित्वभित्र सामान्यतयाः व्यक्तिगत आदतहरू, मित्रवत् व्यवहार, सामाजिक गरिमा र आशावादी दृष्टिकोण सामेल हुन्छन् । अतः कुनै व्यक्तिले आफ्नो योग्यता एवम सीपको बलमा नै अर्को व्यक्तिका साथ प्रभावकारी सम्बन्ध कायम र विस्तार गर्दछ । आफ्नो सार्थकता सिद्ध गर्नमा सफल हुन्छ । व्यक्तिलाईजीवनोपयोगी सीपले आफू सामुन्ने सिर्जित चुनौती तथा आवश्यकताका बीच सफल र प्रभावकारी भूमिका निर्वाह गर्नका लागि सहयोग गर्दछ । विद्यार्थीमा अपेक्षित जीवनोपयोगी सीपभित्र प्रमुख रूपमा निम्नानुसारका सीपहरू समेटिन्छन् :

**आत्मज्ञान** : आत्मज्ञान जीवनोपयोगी सीपको प्रमुख अङ्ग मानिन्छ । प्रत्येक व्यक्तिले आफूभित्र विद्यमान गुण, दोष, सबल एवम दुर्बल पक्षहरूको जानकारी प्राप्त गर्न सक्नु नै आत्मज्ञान हो । प्रत्येक विद्यार्थीमा आत्मज्ञानको भाव जागृत हुनासाथ उसले आफ्नो जीवनको बाधक पक्षलाई पहिचान गर्न सक्छ । आफूभित्रको यस्तो खराबीलाई निराकरण गर्न सक्छ । आत्मज्ञानले विद्यार्थीमा सकारात्मक सोच विकास गर्न र नकारात्मक सोच परित्याग गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । आत्मज्ञानद्वारा विद्यार्थीमा आफ्नो पारिवारिक र राष्ट्रिय उत्तरदायित्व एवम मूल्यको पहिचान हुन्छ । सरोकारवाला व्यक्ति र संस्थाले विद्यार्थीभित्र आत्मज्ञानको क्षमता विकास गराउन आवश्यक छ । विद्यार्थीले जीवन र जगत्का बाह्य विषयवस्तु रटाइरहने तर उसको आन्तरिक पक्षतर्फ ध्यानाकर्षण गराउने तर्फ अग्रसर नगराउने प्रवृत्तिले आजको औपचारिक शिक्षातर्फ अरूचि पैदा हुन थालेको देखिन्छ ।

**समानुभूति** : आफ्ना अगाडि अरूले महसुस गरेको अनुभूति आफूले पनि उस्तै रूपमा महसुस गर्नु वा अनुभूति गर्नु समानुभूति हो । समानुभूतिले मानव स्वभावको सकारात्मक पक्षलाई उद्घाटन गर्छ । यसले व्यक्तिलाई अरूको सुख दुःखमा सहभागी गराउँछ तथा उसको अनुभूतिलाई आफूमा समाहित गरेर सोच्छ । यस्तो भाव आफ्नो परिवारको सदस्यमा मात्र सीमित हुँदैन । यसप्रकारको जीवनोपयोगी सीपबाट मानवतावादी दृष्टिकोण अपनाएर हामीलाई एउटा सुयोग्य नागरिक बन्नमा सहयोग हुन्छ । यस्तो भावनाको विकासबाट समाजमा आपराधिक र स्वार्थी प्रवृत्तिका साथै अनैतिक आचरण न्यूनीकरण गर्न सकिन्छ ।

**प्रभावकारी सम्प्रेषण कला** : कुनै व्यक्तिभित्र रहेका भाव र विचार अरूका सामु अभिव्यक्त नभएसम्म त्यसले सार्थकता प्राप्त गर्दैन । आफ्नो दृष्टिकोण प्रभावकारी ढङ्गबाट अरूका सामु पुऱ्याउनु पनि जीवनका लागि अत्यन्त उपयोगी सीप हो ।कुनै विषयको सूचना दिन, कसैलाई प्रशिक्षित गर्न, कुनै विषयमा स्पष्ट पार्न, कुनै विषय प्रेषित गर्न र कसैलाई सहायता गर्नका लागि सम्प्रेषणको उपयोग गरिन्छ । सरोकारवाला व्यक्ति र संस्थाले विद्यार्थीको ज्ञानमा मात्र होइन उसको प्रभावकारी सम्प्रेषण कलामा पनि जोड दिन आवश्यक देखिन्छ ।

**कुशल निर्णय क्षमता** : राम्रो चरित्र निर्माण एवम् राम्रो भविष्यका लागि व्यक्तिको भित्री निर्णय लिनका लागि क्षमताको सीप विकास गर्नुपर्छ । विद्यार्थीहरूमा अनेकौं प्रकारका समस्या आउँछ जस्तै माध्यमिक शिक्षा उत्तीर्ण भएपछि विषय एवम् वर्ग छनोट गर्नमा तथा विद्यार्थी भविष्यमा जो व्यवसाय अपनाउन चाहन्छ त्यसमा उसको प्रगति तथा विकासका के के सम्भावनाहरू हुन सक्छन् । विद्यार्थीमा सम्यक् ज्ञान हुनुपर्छ जसबाट उनीहरूले उचित निर्णय लिन सक्षम हुन सकून् ।

**समस्या समाधान सीप** : जीवन सधैँ एकनाश गतिमा अघि बढ्छ भन्ने छैन । जीवनमा अनुकूल तथा प्रतिकूल स्थितिहरू सामुन्ने आउँछन् । विभिन्न कठिनाइरूको सामना गर्दै मानिस अघि बढ्नका लागि मार्गप्रशस्त गर्नुपर्छ । जीवनमा कहिलेकाहीँ विषम परिस्थितिहरूलाई आफ्नो नियन्त्रणमा राख्नका लागि विभिन्न प्रकारका वैकल्पिक समाधानको अवसर प्राप्त हुन्छ तर व्यक्तिभित्र यस्तो सीप विकसित हुनुपर्छ कि जुन विकल्प समय एवम् परिस्थिति अनुसार सर्वथा उपयुक्त होस् त्यसलाई ग्रहण गर्नुपर्छ । यसका लागि ज्ञानका साथै समस्या समाधान सीप सिकाउनका लागि सरोकारवाला व्यक्ति र संस्था अग्रसर हुनुपर्छ ।

**आपसी मेलमिलाप** : जीवनमा सफल हुनका लागि आपसी मेलमिलाप आवश्यक छ । मेलमिलाप त्यो व्यक्तिसँग हुन्छ जसले आफूप्रति आफ्नै जस्तै गरी सकारात्मक विचार राख्दछन् । व्यक्तिले सकारात्मक तथा रचनात्मक दृष्टिकोण राख्नासाथ उसको सम्पर्कमा आउनेहरूको एउटा संसार निर्मित हुन्छ जसले व्यक्तिलाई समाज र जनहितको कार्यमा प्रवृत्त गर्नमा सहायता गर्छ । अतः जब व्यक्तिका स्वभाव व्यक्तिगत पहिचान र स्वार्थको स्तरभन्दा माथि उठेर आफ्ना समकक्षी मित्रहरूका साथ उदार हृदय एवम परोपकारी विचारहरूको साथ सामञ्जस्य गर्न सक्षम हुन्छन् । त्यतिखेर अन्तर्वैयक्तिक सम्बन्धको प्रादुर्भाव हुन्छ र यस्ता व्यक्ति सबैका लागि सम्मानीय हुन्छ, यही सम्बन्ध अघि बढेर मित्रतताको रूप लिन्छ ।

आपसी मेलमिलाप व्यक्ति व्यक्तिका बीचको भरोसामा आधारित हुन्छ । अतः यसमा विश्वसनीयता, स्थिरता, सम्मान, निष्पक्षता, खुल्लापन, समता, निपुणता, इमानदारी, स्वीकृति तथा चरित्रका समावेश हुनुपर्छ ।

**विश्लेषणात्मक चिन्तन** : यस प्रकारकोसीपले हामीलाई कुनै स्थिति विशेषसँग जोडिएका सूचनाहरू, तथ्यहरू, अनुभवहरू आदिको विश्लेषण गर्नका लागि वस्तुनिष्ठ ढङ्गबाट विचार गरेर समायोजित निर्णय लिनमा सहायता प्रदान गर्दछ । मानव जीवनमा अनेकौं घटना घट्छन् । कहिलेकाहीँ विषम सूचनाहरू प्राप्त हुन्छ । यस स्थितिमा सूचनाको प्रामाणिकता, विकल्पहरूलाई पहिचान गर्न, कारण जान्न तथा साक्ष्यहरूप्रति आफ्नो दृष्टिकोण निर्मित गरेर विश्लेषण गर्नुपर्छ ।

**संवेगहरूमा समुचित नियन्त्रण** : मानिसले आफ्नो संवेगहरूमा नियन्त्रण राख्न सक्नुपर्छ । तीव्र संवेग जस्तै क्रोध तथा दुःख मनुष्यको स्वास्थ्य तीव्र सामाजिक परिवर्तनहरूले किशोरहरूबाट जीवन अपेक्षाहरू, मूल्यहरू तथा दृष्टिकोणहरूलाई पूर्ववत् मान्यताहरू एवम् नयाँ सोचका साथ सीप विकासमा बल दिनु आवश्यक हुन गएको छ ।

*(क्रमशः)*

## कोरोनाको आक्रमण...

हेर्दा झण्डै ८८ प्रतिशत विरामीमा फोक्सोको समस्या देखिएको थियो । यसरी जति पछि हुँदै गयो, त्यति धेरै विरामीका मुटु र फोक्सोको समस्यामा कमी हुदै गएको देखिएको अध्ययनकर्ताहरूको भनाइ छ ।

## किन बढ्यो...

यसको भाउ दुई सय ३० रूपैयाँसम्म पुगेको थियो । राजधानीमा मात्र दैनिक साढे दुई सय मेट्रिक टनभन्दा बढी प्याज खपत हुन्छ । कालीमाटी तरकारी बजारबाट मात्र ६० टन प्याज बिक्री हुने गरेको छ । अहिले कोभिडको कारण होटल, रेस्टुरेन्ट नचलेकाले प्याज कम खपत भएको छ । कालीमाटीमा बिक्री हुने ९८ प्रतिशत प्याज भारतको हुन्छ ।

नेपालमा वार्षिक करिब तीन लाख मेट्रिक टन प्याज उत्पादन भए पनि दुई लाख मेट्रिक टन विदेशबाट आयात हुन्छ । वार्षिक करिब पाँच लाख मेट्रिक टन प्याज खपत हुने अनुमान छ । प्याजसँगै अन्य तरकारीहरूको पनि भाउ ह्वात्तै बढेको छ । लकडाउनका बेला सस्तोमा तरकारी बेच्दै आएका व्यापारीहरू पनि अहिले भाउ कसेर लिन थालेका छन् । आलुको भाउ पनि धेरै बढेको छ । धार्नीको १०० रुपैयाँमा पाइँदै गरेको मुडेको आलु अहिले धार्नीको २३० पुगेको छ । मुलुकमा कोभिडको कारण उत्पादित आलु बजारमा पुग्न नसकेकाले पनि भाउ बढेको व्यापारी बताउँछन् ।

## आर्थिक वृद्धिदरमा...

अपडेटमा यस वर्ष मनसून राम्रो भएकाले धानबालीको उत्पादन बढ्ने अनुमान गरिएको छ । सरकारले समयमा मल खरिद गर्न सकेको भए उत्पादन अपेक्षा गरिए अनुसार अझै बढ्ने सम्भावना थियो । यसअघि एडिबीले सन् २०२१ मा नेपालको आर्थिक वृद्धिदर ६.४ प्रतिशत हुने अनुमान गरेको थियो ।

अर्कोतिर औद्योगिक उत्पादनको वृद्धिदर पनि उत्पादन तथा निर्माण क्षेत्रमा आएको सुस्तताका कारण राम्रो नहुने अनुमान गरिएको छ । सेवा क्षेत्रको वृद्धिदरमा पनि समस्या आउने अनुमान छ । पुँजी परिचालन तथा लगानीका हिसाबले गएको वर्ष नै कमजोर देखिएको थियो । नेपालको अर्थतन्त्र यो वर्ष झनै प्रभावित हुन सक्ने उसले जानकारी दिएको छ । पर्यटन उद्योग अझै पुनरुत्थान हुने सम्भावना न्यून रहेकाले यसको मार पनि अर्थतन्त्रमा पर्ने एडिबीको अनुमान छ । न्यून माग तथ पेट्रोलियम पदार्थको मूल्यमा आएको गिरावटका कारणले सन् २०२१ मा मुद्रास्फीति भने ५.५ प्रतिशतमा सीमित हुने अनुमान गरिएको छ ।

यस्तै, एडिबीको अनुमानमा कोरोना महामारीका कारण विकासशील एसिया क्षेत्रको आर्थिक वृद्धिदर ६ दशकयता खराब अवस्थामा पुगेको छ । यो क्षेत्र सन् १९६० को दशकपछि अहिले सबैभन्दा न्यून वृद्धिदरमा खुम्चिएको जनाएको छ ।

एडिबीले सार्वजनिक गरेको प्रतिवेदनमा सन् २०२० मा यो क्षेत्रको आर्थिक वृद्धिदर ०.७ प्रतिशतमा खुम्चिने प्रक्षेपण गरिएको छ । यो वृद्धिदर सन् १९६२ पछिकै न्यून हुन सक्ने बैंकका प्रमुख अर्थशास्त्री यसुयुकी स्वाडाले बताएका छन् । सन् २०२१ मा भने यो क्षेत्रको वृद्धिदर ६.८ प्रतिशतले बढ्न सक्ने अनुमान छ ।

यो क्षेत्रमा यो वर्ष चीनको अर्थतन्त्र १.९ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको छ । महामारी नियन्त्रण गर्दै अर्थतन्त्रले लय लिएकाले गएको जुनमा गरिएको प्रक्षेपणलाई यथावत राखिएको छ । यस्तै, सन् २०२१ मा चीनको अर्थतन्त्र ७.७ प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।

एडिबीको प्रतिवेदन अनुसार भारतमा लामो समय भएको लकडाउनका कारण निजी खर्च तथा लगानीमा संकुचन आएकाले जिडिपी वृद्धिदर ऋणात्मक हुने अनुमान छ । भारतीय अर्थतन्त्र यो वर्ष ९ प्रतिशतले घट्ने अनुमान एडिबीले गरेको छ । पहिलो त्रैमासमा भारतीय अर्थतन्त्र २३.९ प्रतिशतले ऋणात्मक भएको थियो । यस्तै, थाइल्यान्ड र फिलिपिन्सको अर्थतन्त्र पनि ७.३ र ८ प्रतिशतले खुम्चिने प्रक्षेपण छ ।

## सार्क शिखर...

सकेको छैन । पछिल्लो समयमा भारतले विशेषाधिकार प्राप्त जम्मु कास्मिर र लद्दाखलाई केन्द्र मातहत राख्दै नयाँ नक्सा सार्वजनिक गरेपछि भारत र पाकिस्तानबीचको सम्बन्ध झन् चिसिएको छ । जवाफमा पाकिस्तानले भारत अधिनस्थ कस्मिरी भूभागलाई आफ्नो नयाँ नक्सामा समेट्यो । अहिले पनि कस्मिरमा बेलाबेलामा भारतीय र पाकिस्तानी सुरक्षाकर्मीबीच गोली हानाहान भइरहेको छ । पाकिस्तान सार्कको सदस्य र चीन पर्यवेक्षक भएका कारण भारतले सार्कलाई विसर्जन गर्ने जमर्को गरिरहेको छ ।

सार्क शिखर सम्मेलन नभएको ६ वर्ष भइसकेको छ । नेपाल सार्कको अध्यक्ष भएका नाताले सम्मेलन गराउन प्रयत्नशील रहे पनि भारतको अनिच्छाका कारण सम्मेलन सम्भव भएको छैन । भारत सार्कको विकल्पमा वे अफ बंगाल इनिसियटिभ फर मल्टी सेक्टोरल एन्ड इकोनोभिक को अपरेशन अर्थात् बिमस्टेकलाई महत्वका साथ अगाडि बढाइरहेको छ । दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) आठ मुलुक नेपाल, भारत, पाकिस्तान, अफगानिस्तान, बंगलादेश, माल्दिभ्स, श्रीलंका र भुटानमध्ये पाकिस्तान, अफगानिस्तान र माल्दिभ्स तीन मुस्लिम राष्ट्रबाहेक नेपाल, भारत, बंगलादेश, श्रीलंका र भुटान बिमस्टेकका सदस्य राष्ट्र हुन् । यसको सचिवालय ढाकामा छ भने सार्कको काठमाडौंमा । बिमस्टेकको दुई दिवसीय सम्मेलन सन् २०१८, ३०-३१ अगस्ट काठमाडौंमा सम्पन्न भएको थियो । आफ्नै देशमा सचिवालय रहेको र आफैं अध्यक्ष रहेको सार्कको सम्मेलन थाँती राखेर भारतको दबाबमा नेपालले बिमस्टेक सम्मेलनको आयोजना गर्नुले सार्कको भविष्य झनै अन्यौलमा परेको विश्लेषण गरिन्छ ।

सार्कमा पाकिस्तान सदस्य भएकै कारण भारत बिमस्टेक, बीबीआइन (बंगलादेश, भुटान, नेपाल, भारत) क्षेत्रीय सहयोग संगठन क्षेत्रीय संगठनहरूमा सक्रियता बढाइरहेको छ । सन् २०१८ को अप्रिल २७-२८ मा चीनको वुहानमा सी-मोदी शिखरवार्तापश्चात् नेपालले उठाउँदै आएको नेपाल-भारत-चीन त्रिदेशीय साटो चीन भारत प्लस नेपालको अवधारणा अघि ल्याइएको छ । त्रिदेशीय समझदारीमा बराबरीको हिस्सामा नेपाल हुन्छ तर चीन भारत प्लस नेपालमा चीन र भारतले गरेको निर्णय नेपालले पालना गर्नुपर्ने हुन्छ । भारतका लागि पाकिस्तान चिरपरिचित दुश्मन हो । यही कारण भारत पाकिस्तानरहित क्षेत्रीय संगठनको विकल्पको उठान गरिरहेको छ । सार्कलाई ब्रह्मनालमा लम्पसार पारेर भारत बिमस्टेकलाई अघि बढाइरहेको छ ।

कोरोना कहरका बीच गत फागुनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले कोरोना नियन्त्रण र आपसी सहयोगका लागि सार्कस्तरीय अर्चुअल कन्फरेन्स बोलाए । पाकिस्तानी स्वास्थ्य मन्त्रीले पाकिस्तानको प्रतिनिधित्व गरे । भारतले त्यसलाई अपमान ठान्यो । मोदीले कोरोना नियन्त्रणमा आपसी सहयोगका लागि संयुक्त कोषको घोषणा गरे । पाकिस्तानले कोष सार्क कोष अन्तर्गत हुनुपर्ने अड्को थाप्यो । जसका कारण कोष नै निष्क्रिय भयो ।

असोज ८ गते सार्कस्तरीय परराष्ट्र मन्त्रीहरूको बैठक बोलाइएको छ । यसमा भारत सहभागी हुन्छ, हुँदैन हेर्न बाँकी नै छ । मोदीले सार्क सदस्य देशहरूको भर्चुअल बैठक बोलाउँदा अब सार्क ब्युँतने अड्कलबाजी गरिएको थियो । यदि सार्क देशका परराष्ट्र मन्त्रीहरूको बैठक भएमा सार्कले पुनर्जीवन पाउने सम्भावना बढ्ने देखिन्छ । जुन उद्देश्यका साथ सार्कको गठन गरिएको थियो त्यसलाई पूरा हुन भारत तगारो बन्दै आएको छ । बिना भिसा सार्क देशहरूको भ्रमण गर्न पाउने र साझा मुद्दा चलाउने अवधारणा समेत रहनुपर्ने हो । तर भारत यसमा तयार छैन ।